तातोहावा 'लू'का असर तथा लक्षण
- हृदयको गति तीव्र हुने,
- श्वासप्रश्वास र रक्तचाप कम हुने,
- शरीरबाट पसिना ननिस्कने,
- टाउको अत्यधिक दुख्ने,
- चक्कर लाग्ने, अचेत हुने,
- १०४ डिग्री फरेनहाइटभन्दा बढी ज्वरो आउने,
- छाला सुक्खा, रातो र तातो हुने, यस्ता असरहरू देखिएमा तुरुन्त नजीकैको अस्पताल जाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
प्रतीक
दैनिक
eprateekdaily.com

जनहितमा जारी सन्देश
- चर्को गर्मीमा रिङ्टा लाग्ने ।
- कीरा फटयाङ्ग्राको प्रकोप बढ्ने ।
- खाद्यजन्य प्रदूषणको खतरा हुन्छ । जोगिएर बसौं ।
- 'लू'को बेला वृद्धवृद्धा नागरिक घरभित्रै बसौं । बिहान र बेलुका मात्र भ्रमण वा अन्य कामले बाहिर निस्कौं ।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ जेठ १२ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 May 25 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २६२

रौतहटमा खोलाजन्य पदार्थको तीव्र दोहन

प्रस, चपुर, ११ जेठ/

रौतहटका स्थानीय तहका प्रमुखको संरक्षणमा मापदण्डविपरीत नदीखोलाको दोहन जारी रहे पनि जिल्ला अनुगमन समिति निष्क्रिय रहेको पाइएको छ ।

नदी उत्खनन गर्न त्रुटिपूर्ण प्रक्रियालाई अगाडि बढाएर मिलेमतोमा ठेक्का लगाएको कारण जिल्लाका नदीखोलाको जथाभावी दोहन भइरहेको छ ।

रौतहटका बाग्मती, लालबकैया, चाँदी, हर्दिया, धनसरलगायतका नदीखोलामा नदीजन्य पदार्थ उत्खनन गर्नका लागि स्थानीय तहका प्रमुख तथा पदाधिकारीहरूको मिलेमतोमा प्रक्रिया नै मिचेर ठेक्का लगाइएपछि नदीखोलामा नदीजन्य पदार्थका माफियाहरूको जगजगी छ ।

केही दिनअगाडि जिल्ला अनुगमन समितिको बैठक बसेर नदीखोला जथाभावी दोहन गर्ने कार्यलाई निरुत्साहित गर्दै त्यस्ता कार्य गर्नेविरुद्ध कानूनी कारबाही गर्ने प्रतिबद्धता जनाइए पनि अहिलेसम्म कारबाही भएको छैन ।

जिल्ला अनुगमन समिति निष्क्रिय भएपछि सुरक्षा निकाय सक्रिय भएर नदीखोला मापदण्डविपरीत दोहन कार्यमा संलग्न दुईवटा एक्साभेटर, चारवटा टिपर र आठवटा ट्याक्टरलाई समातेर कारबाहीको लागि स्थानीय तहलाई बुझाएको जिल्ला प्रहरी कार्यालय, रौतहटका प्रमुख एवं प्रहरी उपरीक्षक प्रदीप घिमिरेले बताए ।

तस्वीर: राकेश यादव

यस्तै, जेठ ३ गते सशस्त्र प्रहरीले गढीमाई नगरपालिकाको समनपुरस्थित बाग्मती नदीको पुलछेउमैं जथाभावी उत्खनन गरिरहेको अवस्थामा पाँचवटा एक्साभेटरलाई नियन्त्रणमा लिई कारबाहीको लागि गढीमाई नगरपालिकालाई बुझाएको सशस्त्र प्रहरी बल नेपाल ११ नं गण, रौतहटले जनाएको छ । तर सशस्त्रले बुझाएको पाँचवटा एक्साभेटर कारबाई नगरी पालिकाले छाडेको थियो ।

आफ्नो पालिकामा भएको नदीजन्य पदार्थको उत्खननको अनुगमन पालिकाका उपाध्यक्ष, उपप्रमुखको संयोजनमा बनेको अनुगमन समितिले गर्नुपर्ने हो तर रौतहटमा न त पालिकाले यसको अनुगमन गरिरहेको छ, न यसविरुद्ध जिल्ला समन्वय समिति अन्तर्गतको अनुगमन समितिले नै कारबाई गरेको छ । जसले गर्दा यहाँका खोलाहरूको अनधिकृत दोहन जारी छ । जेठ मसान्तलाई लक्षित गरेर अहिले नदीजन्य पदार्थको उत्खनन बढ्दो छ । तोकिएको मापदण्डविपरीत ठेकेदारहरूले जथाभावी उत्खनन गरिरहेका छन् । जेठ मसान्तपछि नदीजन्य पदार्थको उत्खनन तीन महीनाको लागि बन्द हुन्छ । यो महीनामा अत्यधिक उत्खनन गर्ने र त्यसलाई भण्डारण गरेर बन्द रहेको अवधिमा बढी मूल्यमा बिक्री गर्ने ठेकेदारहरूको उद्देश्य रहेको छ ।

जिल्ला समन्वय समिति रौतहटका सभापति एवं जिल्ला अनुगमन समितिका संयोजक रामअयोध्या यादवले नदीजन्य पदार्थको अनुगमन गरिएको, अवैध उत्खनन नियन्त्रणका लागि निर्देशन दिएको तर सम्बन्धित ठेकेदारले अटेर गरेको बताए । उनले पालिकाहरूले पनि यसमा साथ नदिएको र सदस्यहरूले पनि सहयोग नगरेको कारण अवैध उत्खनन जारी रहेको बताए ।

वेयर हाउजिङले किसानको हकहितमा काम गर्दै

प्रस, वीरगंज, ११ जेठ/

वीरगंजका उद्योगी जगदीश अग्रवालले नेपाल वेयर हाउजिङ कम्पनीले किसानहरूको हितमा काम गरेको बताएका छन् ।

नेपाल वेयर हाउजिङ कम्पनीले शुक्रवार वीरगंजमा आयोजना गरेको परिचयात्मक कार्यक्रममा प्रमुख अतिथि अग्रवालले निजी क्षेत्रले खाद्यान्न भण्डारण गरी किसानहरूलाई सघाएको बताए ।

उनले सरकारी तहमा रहेको नेपाल खाद्य संस्थान सरह नै खाद्यान्न भण्डारण गरी किसानहरूलाई आवश्यकता परेको बेलामा उपलब्ध गराउने कार्य गरेको र यसले किसानहरूलाई मुनाफा भइरहेको दाबी गरे ।

कम्पनी व्यवस्थापन समितिका अध्यक्ष आनन्द बगारियाले २०६३ सालमा नेपाल वेयर हाउजिङ कम्पनीले काम शुरू गरेको र २०८०/९/५ देखि सर्वसाधारणको लागि शेयर खुला गरेको बताए । उनले रु ६५ करोड चालू पूँजीबाट शुरू गरिएको कम्पनीले अहिले सय करोड ऋण लिएको र चालू पूँजीबाट १३ करोड शेयर ऋण लिएर सञ्चालन भइरहेको बताए । धान, गहुँ, मकै गरी तीन थरीका खाद्यान्न भण्डारण गर्ने, बजारीकरण गर्ने र सरोकारवालाबीच पुलको काम गर्दै आएको अध्यक्ष बगारियाले बताए । उनले पर्सागढी नगरपालिकाको बिरुवागुठीमा २५ हजार मेट्रिकटनको भण्डारण कक्ष बनाएको, यसैगरी विराटनगरमा १५ हजार मेटनको भण्डारण कक्ष बनाइएको र भैरहवामा १५ हजार मेटनको भण्डारण कक्ष निर्माणाधीन रहेको बताए । यी भण्डारण कक्षमा रहेका गहुँ, मकै, धानका लागि किसानहरूले प्रतिकिलो प्रतिमहीना ५० पैसा शुल्क तिर्नुपर्ने र आवश्यकता भएको बखतमा निकालेर बिक्री गर्न सकिने हुँदा यसप्रति आकर्षण बढिरहेको बताए ।

तस्वीर: प्रतीक

कार्यक्रममा सञ्चालक सतीशचन्द्र श्रेष्ठ, स्वतन्त्र सञ्चालिका एवं पूर्व मिस नेपाल सदिच्छा श्रेष्ठ, प्रदीप अग्रवाल, तेन्जिङ शेर्पालगायतको सहभागिता थियो।

पहिलो चरणको खोप अभियानको तयारी पूरा

प्रस, वीरगंज, ११ जेठ/

यही जेठ १३ गतेदेखि शुरू हुने राष्ट्रिय पोलियो खोप अभियानको लागि पर्सा जिल्लामा पहिलो चरणको तयारी सम्पन्न भएको छ ।

स्वास्थ्य कार्यालय पर्साका फोकल पर्सन खोप अधिकृत जयमोद ठाकुरले पर्सा जिल्लामा राष्ट्रिय खोप अभियान–२०८१ दुई चरणमा हुन गइरहेको र पहिलो चरणको तयारी पूरा भएको बताए । उनले पहिलो चरणमा जेठ १३–१६ गतेसम्म वीरगंज महानगरका वडा नं १ देखि १६ सम्म, बहुदरमाई नगरपालिका, छिपहरमाई, पकहामैनपुर, धोबिनी, विन्ध्यवासिनी, ठोरी गाउँपालिका गरी आठवटा पालिकामा खोपको लागि अभिमुखीकरण तालीम सम्पन्न भएको बताए ।

उनले खोप अभियानको लागि जनशक्ति तयार गर्ने क्रममा पहिलो चरणको लागि १४ वटा पालिकाका स्वास्थ्य शाखा प्रमुख र ११२ जना स्वास्थ्य इन्चार्जलाई खोपबारेमा अभिमुखीकरण तालीम दिइएको अधिकृत ठाकुरले बताए। यसैगरी, जेठ ८ गतेदेखि शुरू भएको अभिमुखीकरण तालीम आज जेठ ११ गतेसम्म वीरगंज महानगरका बाँकी वडाहरूका खोपकर्ता शिक्षकहरूलाई सहभागी गराएर सम्पन्न भएको खोप अधिकृत ठाकुरले बताए । पहिलो चरणको खोप अभियानको लागि ११० जना खोप कार्यकर्ता र ३२८ जना शिक्षक गरी ४३८ जना जनशक्ति तयार गरिएको उनले बताए । पहिलो चरणको लागि आठवटै पालिकामा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको र जेठ १३ देखि १६ गतेसम्म हुने पहिलो चरणको तयारी पूरा भएको बताए ।

तस्वीर: प्रतीक

स्वास्थ्य कार्यालय पर्साका प्रमुख डा मुक्तिनारायण साह, फोकल पर्सन ठाकुर, कोल्डचेन अधिकृत मोहनलाल साह र जनस्वास्थ्य अधिकृत मल्लिका श्रेष्ठले पहिलो चरणको अभिमुखीकरण कार्यक्रममा प्रशिक्षण दिएका थिए । अधिकृत ठाकुरले पहिलो चरण सम्पन्न भएपछि दोस्रो चरणको लागि जेठ १७ गतेदेखि अभिमुखीकरण कार्यक्रम शुरू गरिने बताए । दोस्रो चरणको खोप यही जेठ २० देखि २६ गतेसम्म सञ्चालन हुनेछ ।

निजगढमा नागरिक आरोग्य सेवा केन्द्र सञ्चालन

प्रस, निजगढ, ११ जेठ/

निजगढ नगरपालिकामा नागरिक आरोग्य सेवा केन्द्र सञ्चालनमा आएको छ । नगरप्रमुख सुरथ पुरीले सो सेवा केन्द्रको उद्घाटन गर्दै आयुर्वेद चिकित्सा पद्धति वर्तमानमा अपरिहार्य रहेको बताए । उनले पूर्वीय धर्मग्रन्थका अनुसार पनि यो पद्धति स्वास्थ्यवर्द्धक रहेको बताउँदै आयुर्वेदिक उपचार पद्धतिमा प्राकृतिक जडीबुटीहरूको प्रयोग हुने बताए। वनजङ्गल, खेतबारी, तराई–मधेस, पहाड, हिमालका कुनाकन्दरामा पाइने गुणकारी जडीबुटीहरूबाट औषधि तयार गरी कम खर्चमा नागरिकहरूलाई स्वस्थ बनाउने सरकारको उद्देश्य रहेको उनले बताए । यस उपचार पद्धतिमा योग, ध्यान, व्यायामलगायतका प्राकृतिक विधि, प्रक्रियाहरूको समेत प्रयोग हुने हुँदा सरकारले यसलाई प्राथमिकतामा राख्दै स्थानीय तहहरूमा पनि सेवा विस्तार गर्दै लगेको बताए। उनले आफ्नो नपामा पनि यो सेवा विस्तार गरिने बताए।

तस्वीर: प्रतीक

कार्यक्रममा कविराज सहदेव पण्डितले हाम्रा पुर्खाहरूले अस्पताल नहुँदाका बखत यही आयुर्वेद चिकित्सा पद्धतिलाई अँगालेको बताउँदै त्यस बेला उनीहरूको बाँच्ने आयु पनि धेरै हुने गरेको दाबी गरे । अहिले विज्ञान प्रविधिको प्रयोग गर्दै रसायनहरूको मिश्रणबाट उत्पादन गरिने एलोपेथिक औषधि उपचारमा आकर्षण बढेको र यसको सेवनबाट 'साइड इफेक्ट'को रूपमा विभिन्न खाले नयाँ–नयाँ रोगहरू देखा

(बाँकी अन्तिम पातामा)

बुद्धको उपदेश विश्वको लागि प्रेरणा

प्रस, निजगढ, ११ जेठ/

२५६८औं बुद्धजयन्तीको अवसरमा शान्तिका अग्रदूत भगवान् गौतम बुद्धको उपदेशले मानवताको हितमा लाग्न उत्प्रेरणा मिलिरहने भएकोले उनका उपदेश विश्वका प्रत्येक मानिसका लागि उपयोगी रहेको गुरु लोपेन दोर्जे हेसेले बताए। भगवान् बुद्धका उपदेशहरू बुझ्न, सुन्न, श्रवण गर्न सरल, सहज छ तर यसको निष्ठापूर्वक पालना गर्न भने निकै कठिन रहेको औंल्याउँदै उनले जति सकिन्छ भगवान् बुद्धका उपदेशहरूलाई व्यावहारिक जीवनमा लागू गर्न सक्नु नै जीवनको सार्थकता हुने जिकिर गरे । बुद्ध पूर्णिमामा त्रिसंयोग परेकोले पनि आजको दिन महत्त्वपूर्ण रहेको औंल्याउँदै शिल, समाधि, प्रज्ञा बौद्ध दर्शनको मूल मर्म रहेको उनले बताए।

बुद्ध जयन्तीका दिन निजगढस्थित बौद्ध धर्मगुरु, पदाधिकारीहरूलगायतलाई एकीकृत गर्ने प्रयास पनि गरिएको कार्यक्रम संयोजक पेमा घ्याम्सो लामा र सदस्य नेत्र लामाले बताए । निजगढका बौद्ध गुम्बाहरू र नेपाल तामाङ घेदुङ सङ्घ निजगढ नगर कमिटीको आयोजनामा भएको शान्ति र्‍याली बुद्धचोक, शहीदचोक, भमरा हुँदै पुनः बुद्धचोकमा पुगी कोणसभा गरी सम्पन्न भएको थियो । कार्यक्रममा प्रदेशसभा

(बाँकी अन्तिम पातामा)

१८ घण्टाअगावै सीमा बन्द, नागरिकलाई सास्ती

प्रस, रौतहट, ११ वैशाख/

गौर भन्सार कार्यालय, रौतहटका प्रमुख अमरेन्द्र सिंहले सर्वसाधारण जनतालाई दुःख दिंदै आएका छन् । छिमेकी भारतीय राज्य बिहारको सीतामढी र पूर्वी चम्पारण जिल्लामा मे २५ मा हुने लोकसभा निर्वाचन शान्तिपूर्ण सम्पन्न गराउन नेपाल–भारत सीमा संयुक्त समन्वय समितिको बैठकबाट निर्वाचन हुनु ७२ घण्टाअगावै जिल्लाको सीमानाका बन्द हुने जिल्ला प्रशासन कार्यालय, रौतहटले परिपत्र गरे पनि गौर भन्सार कार्यालय, रौतहटका प्रमुख अमरेन्द्र सिंहले निर्धारित समयभन्दा १८ घण्टाअगावै सीमानाका बन्द गर्दा स्थानीय बासिन्दालाई अप्ठ्यारो परेको थियो ।

जिप्रकाले सूचना जारी गरेको समयावधिभन्दा १८ घण्टा पहिले नै भन्सार प्रमुख सिंहको मनोमानीपूर्ण बन्दका कारण भारतका हजारौं मतदाता मत दिनबाट वञ्चित हुने अवस्था छ । भारतमा रहेका नेपालीहरूसमेत आउन नपाई आर्थिक भार खेप्नुपरेको बताइएको छ । प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीसँग यस सम्बन्धमा सम्पर्क गर्दा भारतीय सुरक्षाकर्मीको अनुरोधमा बन्द भएको हुन सक्ने बताए । भन्सार प्रमुख सिंहले भने भारततर्फ सीमा बन्द रहेकोले नेपाली सीमा पनि बन्द गरिएको बताए ।

विचारसार र सूक्तिहरू

निर्णय जतिसुकै सानो भएपनि सफलताले त्यसलाई ठूलो बनाइदिन्छ ।

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com

संसद् स्वार्थसिद्ध गर्ने अखडा

प्रमुख प्रतिपक्ष नेपाली काङ्ग्रेसको अवरोधका कारण संसद्को गतिविधि करीब दुई महीनादेखि ठप्प प्रायः भएको छ । सहकारी विवादलाई लिएर प्रमुख प्रतिपक्ष दल नेपाली काङ्ग्रेसले वर्तमान उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेविरुद्ध संसदीय छानबीन समिति गठनको माग गर्दै संसद् चल्नै दिएको छैन । नेकाले शुरू गरेको सहकारी छानबीनको मुद्दामा शुरूमा छानबीन समिति नै नबनाउने अडानमा रहेको सत्तापक्ष अहिले संसदीय समिति बनाउन सहमत भएसँगै समिति बनिसकेको छ । तर पनि नेकाको अवरोध भने जारी नै छ । समिति बनेपछि सहकारी अनियमितताविरुद्धको छानबीनमा उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेको नामै किटान गरेर छानबीन अघि बढाउनुपर्ने भनेर अर्को विवाद उठाएको छ । कानूनमन्त्री पद्म गिरीको संयोजकत्वमा सहकारी रकम अपचलन मुद्दामा संसदीय छानबीन समितिको कार्यदेश बनाउन कार्यदल बनेको छ । जसमा नेका, एमाले, रास्वपाका सांसदहरू सदस्य छन् । तर कार्यदलले कार्यदेश बनाउन सकेको छैन । एक सातादेखि कार्यदल छानबीन प्रक्रिया अगाडि बढाउने विषयमा नेकाले अत्तो थापेर बसेको गोर्खा मिडियामा उपप्रधान एवं गृहमन्त्री लामिछाने प्रबन्ध निर्देशक हुँदा उनी संलग्न रहेको अपचलनको मुद्दामा उनको नामै किटान गरेर छानबीन प्रक्रिया अगाडि बढाउनुपर्ने अडानमा छ । तर सत्तापक्षका सांसदहरू भने समग्र सहकारीको अपचलनको मुद्दा भएकोले नामै किटान गरेर छानबीन अगाडि बढाउन नमिल्ने भन्ने अडानमा छन् ।

यो अडानका बीच गत मङ्गलवार कान्तिपुर मिडिया ग्रुपका सञ्चालक कैलाश सिरोहिया नागरिकतासम्बन्धी विवादमा धनुषा जिल्ला अदालतले जारी गरेको पक्राउ पुर्जीको आधारमा हिरासतमा छन् । उनी पक्राउपछि उपप्रधान एवं गृहमन्त्री लामिछानेको नामै किटान गरेर कार्यदेश बनाउने कुरामा प्रमुख प्रतिपक्ष नेका एक कदमपछि हटेको छ । यो घटनामा मत विभाजित भएको छ । एकथरी गृहमन्त्री लामिछानेको षडचन्त्रको शिकार सिरोहिया भएको आरोप लगाउँदैछन् भने अर्काथरी सिरोहिया पक्राउ परेकोमा गृहमन्त्रीको प्रशंसाको पुल बाँधिरहेका छन् । नेकाले यसलाई प्रतिशोध भनेको छ तर गृहमन्त्रीले सिरोहिया पक्राउ सम्बन्धमा बोलेका छैनन् । नबोल्नुको कारण उनको आदेशमा पक्राउ नपरेको देखाउनु पनि हो । यो विकसित घटनाक्रमपछि भने कार्यदलमा उपप्रधान एवं गृहमन्त्री लामिछानेको नामै राख्नुपर्ने अडानमा रहेको नेका एक कदम पछि हटेको छ । अहिले गृहमन्त्री लामिछाने संलग्न सहकारीहरूको नाम राखेर कार्यदेश बनाउने कुरामा लगभग सहमति बनिसकेको छ । तर यो कुरामा भने रास्वपाका सांसदले अध्यक्ष लामिछानेसँग राय परामर्श लिने भनेपछि शुक्रवारको बैठक पनि विनानिष्कर्ष टुङ्गिएको थियो ।

उपप्रधान एवं गृहमन्त्री लामिछाने संलग्न सहकारीहरूबाट आम नागरिकको रकम अपचलन भएको मुद्दा नौलो होइन । सो सहकारीका सञ्चालक जिबी राई विवाद चुलिनु अघिदेखि बेपत्ता छन् । सहकारीबाट जनता ठगिएको छ, अहिले चर्चामा आएका राई संलग्नबाहेकका सहकारीहरू थुप्रै छन् । संसद्मा पनि जनताको प्रतिनिधित्व गरेर सांसदहरू गएका छन् । तर जनताको समस्याप्रति सांसदहरू संवेदनशील देखिएकै छैनन् । प्रधानमन्त्री प्रचण्ड नेकासँगको गठबन्धन होस् या एमालेसँगको समीकरण । उनी आफू र आफ्नो पार्टीको स्वार्थ कसरी [redacted]ात्र लागिपरेका देखिन्छन् ।

बुद्ध र हाम्रा सांस्कृतिक सम्बन्ध

स्वतन्त्र विचार

श्रीमन्नारायण
an_shriman@yahoo.com

नेपाल–भारतबीचको सांस्कृतिक सम्बन्धलाई हामी कुनै निश्चित समयको परिधिभित्र बाँधेर राख्न सक्दैनौं । किनभने वैदिक ज्ञानको अस्तित्वलाई हामी आफूसँगै सुन्छौं र बुझ्दै आएका छौं । धर्म, अध्यात्म र सांस्कृतिक समानताले दुवै देश एकअर्कासित आन्तरिकरूपमा यसरी अभिन्न छन् ।

नेपाल र भारतबीचको बहुआयामिक सम्बन्धको एउटा महत्त्वपूर्ण पक्ष यी दुई देशबीचको धार्मिक एवं सांस्कृतिक समानता पनि हो । यस धार्मिक एवं सांस्कृतिक समानताले हामीलाई अभिन्न बनाइदिएको छ। सनातन धर्म, संस्कृतिका वाहक हामी भगवान् गौतम बुद्धलाई पनि आफ्ना आराध्यदेवकै रूपमा मान्दै र पूजा गर्दै आएका छौं । भगवान् गौतम बुद्धको जन्मभूमि नेपाल र उनको ज्ञान तथा निर्वाण प्राप्ति भूमि भारतमा भगवान् बुद्धको जयन्तीलाई बडो उत्साहपूर्वक तथा महापर्वको रूपमा मनाउने गरिन्छ। भगवान् बुद्धको जन्म, ज्ञान तथा निर्वाण प्राप्ति पनि एउटै तिथि वैशाख शुक्ल पूर्णिमाको दिन भएकाले वैशाख पूर्णिमाको विशेष महत्त्व पनि छ। भगवान् गौतम बुद्धको जयन्तीलाई यस वर्ष पनि बडो धूमधामका साथ एवं उत्साहपूर्वक मनाइयो । भगवान् बुद्धको शान्ति र अहिंसाको सन्देश हाम्रो निम्ति प्रेरणाको सन्देश रहिआएको छ। भगवान् गौतम बुद्धको जयन्तीको शुभ अवसरमा नेपालस्थित भारतीय राजदूतावासले लुम्बिनी विकास कोष तथा लुम्बिनी बौद्ध विश्वविद्यालय सङ्घको सहकार्यमा विभिन्न सांस्कृतिक कार्यक्रमको आयोजना गर्‍यो । यस्ता कार्यक्रमहरूले हाम्रा दुईपक्षीय धार्मिक एवं सांस्कृतिक सम्बन्धलाई थप प्रगाढ बनाउने गर्छ।

बुद्ध जयन्तीको अवसरमा लुम्बिनी विश्वविद्यालयमा आयोजित बुद्ध धर्म र वैश्विक शान्ति विषयक विचारगोष्ठीमा नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले नेपालको दुईपक्षीय सम्बन्धमा संस्कृतिले विशेष स्थान ओगटेको र यस्ता कार्यक्रमहरूले दुई देशबीचको मित्रता र सद्भावको बन्धनलाई थप बलियो बनाउने विश्वास व्यक्त गरे। प्रधानमन्त्री प्रचण्डले यस्ता कार्यक्रमहरू गर्वको स्रोत तथा ज्ञानको भण्डार रहेको बताउँदै विभिन्न क्षेत्रबीचको सहकार्यले दुईपक्षीय सम्बन्धलाई निरन्तररूपमा बलियो बनाउने बताए । नेपाल–भारतबीचको परम्परागत बहुआयामिक सम्बन्धलाई बलियो बनाउने दिशामा यस्ता कार्यक्रमहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताए। कार्यक्रमका प्रमुख अतिथि प्रधानमन्त्री प्रचण्डले भगवान् बुद्ध र उनका शिक्षाहरूसम्बन्धी चित्रकला प्रदर्शनीको उद्घाटन पनि गरेका थिए। जसमा काठमाडौं र लुम्बिनी विश्वविद्यालयका विद्यार्थीहरूले तयार पारेका उत्कृष्ट चित्रहरू राखिएका थिए। यी चित्रहरूमा भगवान् बुद्धको जीवन र शिक्षाका विभिन्न पक्षहरू चित्रण गरिएका थिए ।

विचारगोष्ठीमा स्वागत मन्तव्य राख्दै नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले भारत र नेपालको साझा बौद्ध विरासत र सम्पदा एउटा कडीको रूपमा रहेको र यसले दुवै देशका जनतालाई शताब्दीयौंदेखि जोडेको बताए। नेपालको लुम्बिनी र भारतको बोधगया, सारनाथ र कुशीनगर पवित्र स्थलहरू हुन्। जहाँबाट भगवान् बुद्धको सर्वव्यापी शिक्षा विश्वका अन्य भागहरूमा फैलिएको थियो । भारतीय राजदूतले नेपाल र भारतका जनताको कल्याणका लागि वर्तमान समयमा यो साझा विरासतलाई सुदृढ गर्न भारतको प्रतिबद्धता निरन्तर रहिरहने कुरामा जोड दिएका थिए ।

विचारगोष्ठीमा सहभागी नेपाल र भारतका बौद्ध विद्वान्हरूले आधुनिक विश्वमा भगवान् बुद्धको शिक्षाको सान्दर्भिकताका बारेमा आआफ्नो विचार, अन्तर्दृष्टि साझा गरेका थिए । उनीहरूले भारत र नेपालबीचको अद्वितीय र समृद्ध बौद्ध सम्बन्धका विभिन्न पक्षबारे प्रकाश पारेका थिए ।

वैशाख बुद्ध पूर्णिमाको पूर्वसन्ध्यामा लुम्बिनीमा आयोजित सांस्कृतिक साँझमा भारत र नेपालका साझा बौद्ध सम्पदा र परम्परा झल्काउने जीवन्त प्रस्तुतीहरू समावेश थिए । हिनयान र महायान परम्पराका परम्परागत जपको बौद्ध भिक्षुहरूले शुरूमा पाठ गरेका थिए । भारत र नेपालका प्रसिद्ध कलाकारहरूद्वारा बौद्ध गीतहरूको भावपूर्ण साङ्गीतिक सङ्ग्रह प्रस्तुति गरिएको थियो । प्रधानमन्त्री प्रचण्डले सुन्दर चित्रकला प्रदर्शनी र जीवन्त सांस्कृतिक कार्यक्रमका लागि भारतीय राजदूतावास र सबै कलाकारहरूको प्रशंसा पनि गरे । कार्यक्रममा नेपालको सङ्घीय सरकारका मन्त्रीहरू, लुम्बिनी प्रदेशका मुख्यमन्त्री, लुम्बिनी विकास कोषका अध्यक्षसहित भारत र नेपालका विभिन्न बौद्ध सम्प्रदाय र गुम्बाका प्रतिनिधिहरूका साथै सर्वसाधारणको पनि सहभागिता थियो ।

भगवान् बुद्धले दिएका प्रमुख सन्देशहरूमा अतीतबारे दुःख नगर्नु भविष्यको पनि चिन्ता नगर्नु केवल बुद्धिमानी र इमानदारीका साथ वर्तमानमा बाँच्ने काम गर्नु भनेका थिए। त्यसैगरी, उनले मध्यम मार्गलाई प्रत्येकको निम्ति उचित मार्ग भनेका थिए । उदाहरण दिँदै उनले भनेका थिए– वीणाको तारलाई जोड दिएर कस्न खोज्दा त्यो टुट्न सक्छ। खुकुलो गरी कस्न खोज्दा त्यसले सङ्गीत दिन सक्दैन, मधुर स्वर दिन सक्दैन तर मध्यम तरीकाले त्यसलाई कस्ने काम भयो भने मात्र त्यसले मधुर स्वर अथवा धुन दिनेछ, त्यसरी नै मानवजीवनमा पनि अत्यधिक निराशा र अत्यधिक उत्साहमा बाँच्नुभन्दा मध्यम अवस्थामा रहनुलाई उनले उचित भनेका थिए ।

नेपालको लुम्बिनी र भारतको सारनाथ, बोधगया तथा कुशीनगर भगवान् बुद्धको जीवनमा महत्त्वपूर्ण प्रभाव पारेका पवित्रस्थलहरूको रूपमा वर्णन गरिन्छ । केही वर्षअघि भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले बुद्ध सर्किटको विषय चर्चामा ल्याएका थिए। भगवान् बुद्धको जन्मस्थल नेपालको लुम्बिनी, कपिलवस्तु, देवदह ज्ञानप्राप्तिको भूमि भारतको बोधगया र महानिर्वाणप्राप्तिको भूमि सारनाथका साथै कुशीनगर र वैशालीलाई समेटेर बुद्ध सर्किट निर्माणको प्रस्ताव गरेका थिए। गौतम बुद्धका सम्पूर्ण अवशेष, उनका पदचिह्न, उनका भिक्षुद्वारा निर्मितहरू एलोरा जस्ता अवर्णनीय शिल्प यहाँ छन् तर पनि नेपाल–भारतमा बौद्ध धर्म, संस्कृतिको जति विस्तार एवं प्रचारप्रसार हुनुपर्ने हो त्यति हुन सकेको छैन। बुद्धको जन्मभूमि, कर्मभूमि एवं निर्वाणप्राप्ति भूमिसँगै सम्बन्धित ऐतिहासिक तथा पुरातात्त्विक वस्तुहरू पूरै विश्वको निम्ति पर्यटकीय आकर्षणको निम्ति उपयोगी साबित हुन सक्छ। पर्यटन क्षेत्रको सूचना, भौतिक पूर्वाधारको विकास तथा विस्तारमा सहकार्य गर्दै दुवै देशका धेरै नागरिकको आस्थासँग जोडिएको क्षेत्रमा पर्यटनसँग सम्बन्धित कार्यक्रम र गतिविधि बढाउन दुवै देशबीच हुने गरेका सहमतिलाई उपलब्धिको रूपमा लिनुपर्ने हुन्छ। बुद्ध धर्मलाई मान्ने देश श्रीलङ्का पनि बुद्ध सर्किटमा सहभागी हुन सक्छ।

नेपाल–भारतबीचको सांस्कृतिक सम्बन्धलाई हामी कुनै निश्चित समयको परिधिभित्र बाँधेर राख्न सक्दैनौं । किनभने वैदिक ज्ञानको अस्तित्वलाई हामी आफूसँगै सुन्छौं र बुझ्दै आएका छौं । धर्म, अध्यात्म र सांस्कृतिक समानताले दुवै देश एकअर्कासित आन्तरिकरूपमा यसरी अभिन्न छन्। नेपालसित भारतको सम्बन्ध त्यति नै प्राचीन छ, जति प्राचीन यसको सांस्कृतिक चेतना छ । बुद्धिस्ट सर्किटको निर्माण भएमा विदेशी पर्यटकहरू नेपाल आउने क्रम बढ्ने नै छ। यस विषयमा भारतका प्रधानमन्त्री मोदीले प्रस्ताव गरेका छन् तर यस प्रस्तावलाई कार्यान्वयनमा ल्याउन विशेष पहल गर्नुपर्ने जिम्मेवारी हाम्रो हो। भारतले प्रस्ताव गरे पनि उसको एक्लो प्रयासबाट रामायण र बुद्ध सर्किटको निर्माण सम्भव हुनेछैन। त्यसमा हाम्रो सहयोग र समर्थन पनि चाहिन्छ। लुम्बिनीमा हालै सम्पन्न बुद्ध जयन्तीसम्बन्धी कार्यक्रमहरूले हाम्रा दुईपक्षीय सम्बन्धलाई बलियो बनाउनेछ।

मृत्युको प्रमुख कारण बन्दैछ मस्तिष्क रक्तस्राव

स्वास्थ्य

प्राडा राजीव झा

नेपालमा स्नायुरोगको उपचारको अवस्था राम्रो छ । यहाँ जस्तोसुकै शल्यक्रिया पनि गर्न सम्भव छ । शल्यक्रिया मस्तिष्क रक्तस्रावको एक राम्रो उपचार विधि हो । सही समयमा उपचार गरेर यस रोग लागी गम्भीर अवस्थामा पुगेको बिरामीलाई बचाउन सकिन्छ ।

मस्तिष्क यस्तो अङ्ग हो, यसमा एकपटक समस्या भएपछि पूर्णरूपमा समाधान हुन कठिन हुन्छ । मस्तिष्क लचकदार एवं खुम्चन सक्ने प्रकृतिको हुन्छ । यो दहीजस्तो जमेको स्थितिमा हुन्छ । जब मस्तिष्कमा रक्तस्राव हुन्छ, तब त्यसले मस्तिष्कलाई खुम्चिन र फैलन दिंदैन । रगत तरल अवस्थामा भएपनि बाहिर बगेपछि यो ठोस हुन्छ । यसले मस्तिष्कलाई दबाब दिन थाल्छ । जति धेरै रक्तस्राव हुन्छ, उत्ति नै बढी जोखिम हुन्छ । कतिपय अवस्थामा मस्तिष्क रक्तस्रावले तुरुन्तै मानिसको मृत्यु हुन सक्छ ।

मस्तिष्कका विभिन्न समस्यामध्ये मस्तिष्क रक्तस्राव (ब्रेन ह्यामरेज)लाई एक प्रमुख जटिल समस्याका रूपमा लिने गरिन्छ। यो एक प्रकारको मस्तिष्कघात (स्ट्रोक) नै हो। मस्तिष्क रक्तस्राव भन्नाले मस्तिष्कभित्रको सानो या ठूलो रक्तनली फुटी मस्तिष्कभित्र रगत जम्नुलाई बुझिन्छ। मस्तिष्कमा रक्तसञ्चार धेरै भएर रक्तनली फुटी रक्तस्राव हुनु नै मस्तिष्क रक्तस्राव हो । यसले गर्दा मस्तिष्कघात, पक्षघात जस्ता समस्याहरू निम्त्याउँछन् ।

मस्तिष्कघात मृत्युको चौथो वा पाँचौं नम्बरमा पर्छ। मस्तिष्क रक्तस्रावले मानव शरीरलाई क्षति पुर्‍याइ ज्यानसम्म जाने हुन्छ तर समयमैं सही उपचार गर्न सकियो भने ज्यान बचाउन सकिन्छ। एकचोटि मस्तिष्कमा असर परिसकेपछि कसैकसैमा शारीरिक दुर्बलता अर्थात पक्षघात पनि हुन सक्छ। तथापि उपचारपछि बिरामी राम्रो भई पूर्वअवस्थामा फर्केका उदाहरण पनि प्रशस्त छन् ।

मस्तिष्क रक्तस्रावको प्रमुख कारण उच्च रक्तचाप नै हो। त्यसबाहेक एभिएम, ट्युमर रक्तस्राव र रगत पातलो हुने औषधिको सेवनजस्ता कारणले पनि मस्तिष्क रक्तस्राव हुने गर्छ । मुटुरोगमा मस्तिष्कमा रक्तस्राव हुनासाथ सास फेर्न कठिन हुने र पक्षघात हुन सक्ने अवस्था रहन्छ । मस्तिष्क रक्तस्राव भएका १० प्रतिशत बिरामीको मृत्यु हुन सक्छ भने पक्षघात हुने जोखिम ७० प्रतिशतमा हुन सक्छ । मस्तिष्क रक्तस्राव कति भएको छ, त्यहीअनुरूप उपचार कति सम्भव छ वा छैन भन्न सकिन्छ । पाँच एमएल मात्र रक्तस्राव भएको छ भने उपचारपछि त्यसको नतीजा सकारात्मक हुन्छ। यदि सय एमएल रक्तस्राव भएको छ भने उनीहरूको दुई घण्टामैं मृत्यु हुन सक्ने जोखिम उच्च रहन्छ ।

मस्तिष्कघात हुने अवस्था दुई किसिमको हुन्छ, मस्तिष्क रक्तस्राव भएर हुने र मस्तिष्कमा रगत आपूर्ति नभएर हुने । यी दुईमध्ये दिमागको नसा सुक्ने समस्या ८५ प्रतिशतमा छ भने १५ प्रतिशतमा मस्तिष्क रक्तस्राव रहेको अनुसन्धानले देखाएको छ। ब्रेन ह्यामरेज वा नसा सुकेमा त्यसले आँखा, कान, घाँटीमा समस्या आउनुका साथै शरीरका कुनै अङ्गमा पक्षघात हुने, छारेरोग हुनेजस्ता प्रत्यक्ष समस्या देखिन सक्छन् । मस्तिष्कमा रगत जाने नली सुक्यो वा बन्द भयो भने यस्तो समस्या हुन्छ । जुन किसिमले यसको समस्या बढ्दैछ आगामी पाँच/सात वर्षमा एक नम्बरमा पर्ने देखिन्छ। किनकि मानिसहरूको बदलिंदो जीवनशैली, खानपिन, तनावले गर्दा मस्तिष्कघातको जोखिम उच्च दरमा बढिरहेको छ। जे कारणले मस्तिष्कघात भएको छ, त्यसमा ध्यान दिएमा सजिलै बचाउन पनि सकिन्छ। तर धेरै मानिसमा समस्या थाहा पाएपछि पनि वास्ता नगर्ने प्रवृत्ति छ। उमेर अनुसार स्वास्थ्य जाँच नगर्ने, औषधिसेवन नगर्ने, व्यायाम नगर्ने, खानामा लापरवाही गर्ने, आराम नगर्ने, निद्रा नपुर्‍याउने, तनाव लिनेजस्ता कारणले पनि पछिल्लो समय मस्तिष्कघातको समस्या बढ्दो छ ।

मस्तिष्क रक्तस्रावको मुख्य कारण उच्च रक्तचाप नै हो। उच्च रक्तचापको समस्या धेरै छ । रक्तचापको बिमारी जति पुरानो हुँदै गयो, रक्तचाप जति बढ्दै गयो रक्तनलीहरू त्यति नै पातलो हुँदै खिइँदै जाने हुँदा रक्तनलीमा प्वाल परी फुट्ने र रक्तस्राब हुने जोखिम रहन्छ। कतिपय व्यक्तिले रक्तचाप नियन्त्रण भयो भनेर औषधि छोड्ने गर्छन् । यस्तो अवस्थामा रक्तचाप अचानक उच्च हुन पुगी नसा फुटी मस्तिष्क रक्तस्राव हुन्छ। त्यसैले उच्च रक्तचापलाई नियन्त्रण गर्न नियमित औषधि खानुपर्छ। मस्तिष्कघात भएको साढे चार घण्टामा अस्पताल

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

बज्जिका भाषामा ‘बुद्ध’ महाकाव्य लेखनको क्रममा

अन्यथा अर्थ नलागोस्, बुद्ध महाकाव्य लेख्न धेरै कुराले प्रेरित भएको हुँ ।

केही वर्ष पहिले सर्लाहीको पूर्वी छेउमा, महोत्तरीसित सिमाना जोडिएको गाउँमा, एउटा संस्थाको कार्यक्रम थियो, बज्जिका भाषासम्बन्धी। वास्तवमा त्यहाँ कार्यक्रम राख्नुको उद्देश्य थियो कि सर्लाहीको पूर्वी छेउमा बज्जिका भाषाबारे जनचेतना जगाउनु। यो उद्देश्य पूर्ण सफल भएको छ, यस अर्थमा कि त्यस क्षेत्रका चार पालिकाले यसै शैक्षिकसत्रदेखि बज्जिका भाषामा पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरी लागू गर्दैछ । त्यस कार्यक्रममा मलाई अचानक ‘बज्जिका शिरोमणि’ उपाधि दिइयो । यसबारेमा मलाई अलिकति जानकारी थिएन, अलिकति पनि छनक पाइएको थिएन। यदि पहिले नै जानकारी पाएको भएँ म कार्यक्रममा उपस्थित हुने थिइनँ वा उपस्थित भएर पनि जानकारी पाएको भएँ कार्यक्रमबाट पलायन हुन्थें । मलाई त्यत्ति बेला मात्र होइन, अहिले पनि लाग्छ, त्यो उपाधिलायक म छुइनँ। ‘बज्जिका शिरोमणि’ उपाधिसहित मेरो नामोच्चारको ताम्रपत्र वाचन गरेपछि विस्मित र आक्रोशित दुवै भएको थिएँ। कार्यक्रमको अवस्था यस्तो थियो कि मैले छोडेर हिंडेको भए कार्यक्रम नै भाँडिने थियो, जुन मेरोलागि त जस्तोसुकै होओस् तर बज्जिकाको लागि घातक हुने थियो। वास्तवमा मैले सहेर नै त्यो प्रमाणपत्र लिएर आएको हुँ ।

हो, नेपालमा बज्जिका भाषा बोलिन्छ भनेर पहिलो अनुसन्धानमूलक लेख मैले लेखेको हुँ। पहिलो मौलिक रचना र मौलिक कृति नेपालमा मेरै प्रकाशित छन्, बज्जिका भाषामा। साथै मैले बज्जिका व्याकरण लेखेको छु, बज्जिका भाषामा पाठ्यक्रम बनाएर पाठ्यपुस्तक लेखेको छु । बज्जिका शब्दकोशका लागि काम गरेको छु । बज्जिका भाषामा अनुवाद गरेको छु। महाकवि देवकोटाको मुनामदन खण्डकाव्य मैले बज्जिकामा अनुवाद गरेको हुँ । बज्जिका भाषा र साहित्यसम्बन्धी विभिन्न अनुसन्धानमूलक तथा समालोचनात्मक लेख र पुस्तकहरू लेखेको छु । अन्य कोही साहित्यकार तथा भाषासेवीभन्दा यो कार्य केही बढी हुन सक्ला, देखिन सक्ला तर वास्तवमा अझै मैले खास केही गर्न सकेको जस्तो लागेको थिएन । यही पृष्ठभूमिमा जब ‘बज्जिका शिरोमणि’को पगरी गुथाइयो, तब मलाई त्यो पगरी बोझ लाग्न थालेको थियो र केही गर्नैपर्ने तथा त्यसको मान राख्नैपर्ने बोध हुन थालेको थियो ।

अन्य मातृभाषाका अग्रज तथा शुभचिन्तक साहित्यकारहरूको पनि सल्लाह हुन्थ्यो– बज्जिका भाषामा कुनै महाकाव्य लेखिएको छैन, नेपालमा । अन्यत्रको अवस्था त सन्तोषजनक होला तर नेपालको बज्जिका भाषामा महाकाव्य हुनु आवश्यक छ । बज्जिका भाषालाई अन्य भाषाका साहित्यकार तथा अभियन्ताहरूले आफ्नो भाषामा दाबी गरेर यसको अस्तित्व स्वीकार गरिरहेका छैनन् । यसैले यस भाषाको साहित्यलाई बलियो बनाउनु उचित हुन्छ । भाषालाई बलियो बनाउने आधारमध्ये व्याकरण, शब्दकोश तथा साहित्य नै हो । अन्य साहित्यको रचना भइरहेको सन्दर्भमा उचित यो पनि हुन्छ कि महाकाव्यहरूको रचना पनि होऊन्। महाकाव्य नै नभएको पनि भाषा हुन्छ र ? कतिपयको सोचाइ यस्तो पनि हुन्छ । यस कारण सकिन्छ भने, सम्भव हुन्छ भने, यस भाषाका साहित्यकारहरूलाई आख्यानमा उपन्यास र काव्यमा महाकाव्य लेख्न प्रेरित गर्नुहोस् ।

स्वान्त सुखायः

सञ्जय मित्र

mitrasanjay41@gmail.com



यसरी सल्लाह दिंदा मलाई लाग्ने गर्थ्यो, म कसलाई भनूँ । मलाई नै महाकाव्य लेख्न भनेका हुन् जस्तो मलाई लाग्दैनथ्यो तर एक दिन यस प्रकारले प्रत्यक्ष नै यो कुरा आयो कि तिमीले एउटा महाकाव्य बज्जिका भाषालाई दिनुपर्छ। मैले गम्भीरतापूर्वक यस कारण लिइनँ कि समयक्रममा कोही न कोही त आइहाल्लान्, जसले महाकाव्य लेख्लान्। एकसेएक उम्दा कविहरू आइरहेका छन् त कसैले महाकाव्य त अवश्य लेख्लान्।

दुई वर्षको कोरानाकालमध्ये दोस्रो वर्षको एक जेठमा म दिउँसो सुतिरहेको थिएँ। घरबाट बाहिर निस्कने कुनै उपाय थिएन । यद्यपि मसित जिल्लाभरि डुल्न पाउने अनुमतिपत्र थियो तर त्यो आवश्यकता महसूस गरिरहेको थिइनँ। घरमा बसेर वेद तथा रामायण र महाभारतसम्बन्धी अन्य ग्रन्थहरू हेर्दै, पत्रपत्रिकाका लागि लेखरचनाहरू लेख्दै तथा गहन कृतिहरूको अध्ययन गर्दै समय काटिरहेको थिएँ । समय व्यर्थ व्यय भइरहेको थिएन । निस्सन्देह उपलब्धिमूलक नै बितिरहेको थियो । यसै क्रममा जेठको अन्तिम हप्तामा दिउँसो तुलसीकृत रामायण पढ्दै निदाएको थिएँ। छातीमा तुलसीकृत रामायण थियो। मैले सपना वा अर्धसपनामा देखें कि मैले केही लेख्नुपर्छ । लेख्ने विषय फुऱ्यो– बुद्ध । लेखिने विधा आयो काव्य । काव्यको आयाम विस्तार भएर पुग्यो महाकाव्य। महाकाव्यको भाषा आयो बज्जिका। र शैली आयो झ्याउरे ।

महाकाव्य लेख्ने कुनै योजना नै नभएको अवस्थामा यस प्रकारको सपना आएपछि तुरुन्त बिउँझें र विचारमग्न भएँ । मसित बुद्धका बारेमा कृतिहरू छैनन् । जसको बारेमा खासै जानकारी छैन, उनको बारेमा कसरी लेख्न सकिन्छ र ? दिवास्वप्न त हो । यस्तो सपना कहिले पूरा हुन्छ र ? तर पनि सपनामा देखेको कुराले चिमोट्यो र देखेको कुरालाई कम्प्युटरमा लेखिहालें । कम्प्युटरमा टङ्कन गरेपछि मन अचम्म तरीकाले हलुँगो भयो, लाग्यो कुनै ठूलो बोझ बिसाएको छु। यस्तो अनुभूति सितिमिति हुँदैन । निकै सन्चो र शरीरमा फुर्तीको अनुभव भयो । यो अचम्मको अनुभूतिले मलाई कैयौं दिनसम्म त्यस सपनाको ताजापन दिइरह्यो ।

समय बित्दै गयो । म जहाँ जान्थें, त्यहाँ एउटा पुस्तक बुद्धसम्बन्धी पाइहाल्थें। जहाँ पुगे पनि बुद्धसम्बन्धी नयाँ कृति पाउन शुरू भयो । बिस्तारै मसित बुद्धसम्बन्धी किनेको र ल्याएको गरी दर्जनभन्दा बढी महत्त्वपूर्ण कृतिहरू जम्मा भए । अचम्म, यसभन्दा पहिले मलाई यस्तो कुनै विषय वा शीर्षकसित सम्बन्धित भएर स्वाभाविकरूपमा कृतिको सङ्ग्रह भएको सम्झना छैन । अनि स्वाभाविक पनि हो, जब कुनै नयाँ कृति हात पर्छ, तब पढ्न मन लाग्छ। एउटा विडम्बना यो पनि छ कि अलिकति पढेपछि कतिपय कृतिले मलाई तान्न सक्दैन। कतिपय कृतिले भने मनलाई तानिरहन्छ। बुद्धसम्बन्धी ग्रन्थहरूले मलाई तानिरह्यो । र अलिकति लाग्यो कि अब बुद्धसम्बन्धी अलिकति जानकारीहरू प्राप्त हुन आएका छन् ।

खोइ कसरी हो, सपनाले निर्धारण गरेको मार्गको पथिक बनिहालें। मैले नियमित गर्ने गरेका कुनै पनि काम रोकिएन। कुनै पनि काममा बाधा उत्पन्न भएन । सधैं नै नियमित र सबै काममा नियमित रहँदै यो महाकाव्य लेखियो । हो, बरु यस्तो चाहिं भएको हो– छुट्टीमा खूब लेखिएला भन्ने योजना बनाउँदा एक शब्द महीनौंसम्म नलेखिएको हो। अर्थात् यस महाकाव्य लेखनमा अत्यन्त स्वाभाविक समय गएको छ । कुनै दिन एउटा भागसम्म लेखेको छु त कुनै दिन केवल दुई लाइन अर्थात् एक श्लोकमा कैयौं घण्टा बितेको छ। कैयौं हप्तासम्म पनि लेख्न खोज्दा पनि सकिएको छैन । जबकि म आफूलाई नियोजित लेखकको रूपमा यस कारण विश्वास गर्छु कि योजना बनाएपछि र विषय निर्धारित भएपछि लेख्न थाल्छु तर ‘बुद्ध’ महाकाव्यको सन्दर्भका यस प्रकारका सबै कुरा मेरालागि पृथक अनुभूत भए। साँच्चिकै यो कुन समयमा लेखिएको नहोला ?

सुत्ने बेलामा, राति सुतेको बेलामा उठेर केही कोर्दै फेरि सुतेको, यात्रा गर्दा बसमा दुई/चार शब्द कोरेको, आफैं स्कूटी चलाउँदा पनि रोकेर लेखेको बाटैमा, अरूको पछाडि बाइकमा बसेर पनि कुरा गर्दै कुनै श्लोक लेखिएको छ। अनि पूरा सरेह मानवशून्य भएको समयमा एक्लै सानो रूखको छायामा बसेर पनि लेखेको छु, केही श्लोकहरू । वास्तवमा मलाई मेरो ‘बुद्ध’ महाकाव्य प्रकाशन भइसकेपछि लागिरहेको छ– मैले कसरी लेखेको हुँला ?

यस कृतिको प्रकाशनजस्तो सजिलो मलाई अन्य कुनै पनि कृतिको प्रकाशन भएन। करीब दुई दर्जन मेरा कृतिमध्ये यो सबैभन्दा बाक्लो अर्थात् मोटो हो । सबैभन्दा बढी खर्च पनि भएको हुनुपर्छ तर सबै व्यवस्थापन अत्यन्त समयमा हुँदै आयो। विमोचनमा पनि के होला भन्ने भइरहेको थियो तर निकै राम्रो भयो । सबैभन्दा बढी मिडिया कभरेज भयो। सबैतिर प्रशंसा भइरहेको छ तर मलाई किन हो, यो कृति यस्तो लागिरहेको छ कि मेरा अन्य कृतिमा धेरै दुःख गरेको छु र यो कृति स्वतः हुन गएको हो ।

स्वार्थमा निहित मनोविज्ञान

आकाशमा बादलको दशा र दिशा, हावाको दिशा र गति अनुसार परिवर्तन भइरहन्छ । त्यसैगरी, समाजमा एक प्रकरण सेलाउन नपाउँदै अर्को प्रकरण प्रकट हुन्छ । किनभने सामाजिक वातावरण गतिशील हुन्छ। त्यस कारण समयक्रममा सामाजिक/राजनीतिक वृतमा घटना, परिघटना उदय र अस्त हुने क्रम चलिरहन्छ। कुनै पनि प्रकरणमा सामाजिक विचार फरकफरक आउनु अस्वाभाविक होइन । यद्यपि प्रायःजसो प्रकरणमा सम्प्रेषित विचार स्वार्थयुक्त हुन्छ र सोको गन्ध महसूस गर्न कठिन हुँदैन । दुई स्थानमा एक समान घटना भएको अवस्थामा एउटै व्यक्तिले दुवै घटनामा फरकफरक विचार प्रस्तुत गर्छ, जसमा स्वार्थ वा आफन्त वा मित्रजन्य गन्ध निहित नहुने कुरै हुँदैन ।

समाज छ भने प्रकरण उत्पन्न भइरहन्छ । प्रकरण उत्पन्न हुनु भनेकै निराकरणको लागि हो । यद्यपि कुनै प्रकरण आकाश छुन्छ भने सोही स्तरको अर्को प्रकरण धर्तीमुनि दब्छ/दबाइन्छ। यसको प्रमुख कारण हो, व्यक्तिको शक्ति, सामर्थ्य र ओहोदा। यस्ता थुप्रै प्रकरण होलान्, जुन सामान्यजनसँग सम्बन्धित होला, जसको आवाज उठाउने माध्यम कोही बन्न चाहँदैन । यद्यपि ओहोदाधारीको कुखुरा हराउँदा पनि ठूलो प्रकरण हुन जान्छ ।

अपवादबाहेक विनाकारण घटना हुँदैन। जस्तै बादलको अवस्था परिवर्तन हुने कारण हो, हावा। कुनै पनि घटनाको कारण पत्ता लगाउनाले न्याय निरूपण गर्ने मार्ग प्रशस्त गर्छ। कारणको खोजी गर्दै जाँदा अनेक तथ्य र प्रमाण फेला पर्छन्। अनि तथ्य र प्रमाणको आधारमा न्याय निरूपण गरिन्छ र यो विश्वव्यापी सिद्धान्त हो । यदि व्यक्तिले न्यायको सिद्धान्तविपरीत क्रियाकलाप गर्छ भने त्यो न्यायको आँखामा धूलो झोक्नु हो ।

स्वार्थ वा सम्बन्ध अनुसार मानिसको विचार समान प्रकरणमा कसरी भिन्न हुन्छ ? यसै सेरोफेरोमा एक काल्पनिक कथा प्रस्तुत छ ।

एकअर्काको विपरीत दिशाबाट आइरहेका मोटरसाइकल एकापसमा ठोक्किए । भयङ्कर दुर्घटना भयो। एक पक्षको ज्यान गयो भने अर्को पक्ष घाइते भयो। दुर्घटनास्थलभन्दा केही मिटरको दूरीमा चियापसलमा मानिसहरू चिया पिउँदै गफगाफ गरिरहेका थिए। उक्त चियापसल घटनास्थलभन्दा केही मिटरको दूरीमा थियो । त्यस कारण दुईवटा मोटरसाइकल ठोक्किएको आवाज चियापसलसम्म नपुग्ने कुरै थिएन। चिया गफमा तल्लीन मानिसहरूको घटनास्थलतर्फ ध्यानाकृष्ट भयो । उनीहरूले आआफ्नो विचार प्रकट गर्न थाले। कसैले ती युवाहरूले मापसे गरेको त कसैले तीव्र वेगमा मोटरसाइकल चलाएको विचारसँगै रिसखिस पोख्न थाले।

एकजना मानिस चिच्याउँदै चियापसलमा आएछन् । उनले चियापसलमा उपस्थित मानिसहरूमध्ये एकजनालाई औंलाले घटनास्थल देखाउँदै भने, “त्यहाँ दुर्घटना भएको छ । एकजनाको मृत्यु र तपाईंको छोरा गम्भीर घाइते भएको छ।” यो खबर सुन्ने बित्तिकै अभिभावक तीव्र वेगमा घटनास्थलतर्फ दौडिए, जो केहीबेरअघि नानाथरीका आरोप लगाइरहेका थिए। घटनामा छोरो भएको कुरा थाहा पाएपछि उनको अवस्था कस्तो भयो होला, स्वयम् कल्पना गर्न सकिन्छ। घटनास्थलमा छोराको अवस्था हेर्ने बित्तिकै उनको विचार छोराको पक्षमा प्रकट हुन थाल्यो। उनले मृत्युवरण भएको युवामाथि दोष थोप्न पछि परेनन् ।

सरोकार

राजेश मिश्र

rajesh560107@gmail.com

लगत्तै मृत्यु भएको युवाको अभिभावकजन घटनास्थलमा आइपुगे। सन्तानको लाश हेर्ने बित्तिकै अभिभावक मूर्छित भए । उनीसँगै आएका आफन्तजनहरूले युवकको लाश र अभिभावकको अवस्था हेरेर विपक्षीमाथि नानाथरीका दोष लगाउँदै नाराबाजी गर्न थाले । अब दुवै पक्षबीच आरोप–प्रत्यारोपको शृङ्खला शुरू भयो ।

दुवै पक्षका आफन्तजन तथा इष्टमित्रहरूले आआफ्नो पक्षको वकालत गर्न थाले । यो प्रकरण सामाजिक सञ्जालमा भाइरल भयो। एक पक्षले अर्को पक्षलाई दोषी ठहर गरिरहेका थिए। सामाजिक सञ्जालमा वाकयुद्ध चल्न थाल्यो। यतिसम्म कि आआफ्नो पक्षमा कोरम पुऱ्याउने विचार सामाजिक सञ्जालमा सम्प्रेषण हुन थाल्यो । यो प्रकरण तथ्यभन्दा कोसौं टाढा पुगिसकेको थियो ।

यसैबीच घटनास्थलमा प्रहरी आइपुग्यो । प्रहरीले लाश र घाइतेलाई अस्पताल पठाइसकेपछि कानूनी प्रक्रिया गर्न थाल्यो । घटनाको मुचुल्का तयार पारिरहँदा दुवै पक्षका मानिसहरूले होहल्लासँगै नाराबाजी गर्न थाले । कुनै पनि घटनाको छानबीन तथा प्रमाण जुटाउने काम प्रहरी तथा न्याय निरूपण गर्ने सर्वाधिकार न्यायालयमा निहित छ। कानूनमाथि दबाब सृजना गर्ने हर्कत दुवै पक्षले गऱ्यो । दुवै पक्षको विचार वास्तविकताभन्दा पर थियो । यद्यपि उनीहरूले त्यसो गर्नुको मुख्य कारण भनेकै घटनासँग सम्बन्धित पात्र उनीहरूका आफन्त, छिमेकी र इष्टमित्रहरू थिए। निस्स्वार्थी मानिसहरू घटनास्थलमा एकछिन रोकिन्थे र मूल्याङ्कन गरेर केही शब्द नपोख्दै आक्रमणमा पर्थे। त्यस कारण अधिकांश मानिस विवादमा पर्नुभन्दा बाटो लाग्थे। समाजसँग एक प्रश्न छ, विवादित पक्षलाई उक्त प्रकरणको फैसला गर्ने अधिकार प्रदान गरियो भने उनीहरूले कस्तो फैसला गर्लान् ?

गएको वैशाखमा जनता समाजवादी पार्टी, नेपालको विखण्डनको खबर आगोझैं फैलियो। उक्त प्रकरण व्यापक चर्चाको विषय बन्यो। जसपा, नेपालको न यात्रा लामो छ, न इतिहास । यद्यपि विभाजनको फेहरिस्त हेर्ने हो भने जसपाले इतिहास रचेकै छ। पछिल्लो समय जसपा टुक्रिएसँगै स्वास्थ्य मन्त्रालयको जिम्मेवारी एक पक्षबाट अर्को पक्षमा सरेको छ । गुटबन्दी र फुटबन्दीको अवस्था अमुक दलमा मात्र छ भन्ने पनि होइन । गुटबन्दी प्रायःजसो सबै दलमा व्याप्त छ । यसको प्रमुख कारणतर्फ विचार गर्ने हो भने नेतृत्व पङ्क्तिको हैकमवादी सोच, स्वार्थ, लोभ र मोह हो भन्ने कारण ठम्याउन कठिन हुँदैन । जीवनपर्यन्त दलको प्रमुख र सरकारमा रहिरहने कुचेष्टा नै गुट र फुटको प्रमुख कारण हो । दलका शीर्षस्थजनले मरणोपरान्त ओहोदा ओगटेर बस्ने प्रणाली प्रायःजसो दलमा छ । अनि उनीहरूकै मुखबाट गणतन्त्रको जयकार सुन्न हामी बाध्य छौं ।

राजनीतिक वृत्तमा भ्रातृत्व, अपनत्व र एकता बाहिरी आवरणमा जसरी बोध हुन्छ, सो अनुसार भित्री आवरणमा पाइँदैन। जनताबीच जाँदा जित्ने होड र दलभित्र उछिन्ने होड दलहरूमा व्यापक छ। भित्रैभित्र द्वेषजन्य ज्वालामुखी कसैले पनि नदेख्ने गरी दन्किरहेको हुन्छ। त्यो ज्वाला कतिखेर विष्फोट हुन्छ, कसैलाई थाहा हुँदैन। त्यही ज्वालामुखी बेलाबेलामा विस्फोटको कारण बन्छ । अनि शुरू हुन्छ, वादविवाद । शीर्षजनले सबैथोक आफू हुँ भन्ने सोच विखण्डनको कारणहरूमध्ये प्रमुख हो । दलको अग्रभागमा विराजमान पात्रहरूले पछाडिका व्यक्तिहरूको हकमा अन्याय गर्ने, अनि दल खण्डित हुने बित्तिकै सञ्चारमाध्यम/सामाजिक सञ्जालमार्फत अनेक प्रकारका तर्क सम्प्रेषण गर्ने अवस्था छ ।

अहिलेको अर्को ताजा घटना भनेको सिरोहिया प्रकरण हो । यो घटना राष्ट्रिय/अन्तर्राष्ट्रियस्तरमा चर्चाको विषय बनेको छ । यो प्रकरणमा सञ्चारमाध्यमदेखि सामाजिक सञ्जालमा आरोप–प्रत्यारोपको शृङ्खला थामिनसक्नु छ ।

अचेल कुनै पनि प्रकरणमा कानूनको दृष्टिभन्दा बढी व्यक्तिसँग साइनोको मात्रा अनुसार क्रिया–प्रतिक्रिया प्रकट गर्ने होड बढ्दो छ । न्यायालयबाट परिणाम नआउँदै सामाजिक दबाब सृजना गर्ने चलनलाई गणतन्त्रको मानक बनाइँदैछ। स्वार्थ अनुसार विचार र भावना व्यक्त गर्ने सामाजिक मनोरोग झाङ्गिदो छ ।

व्यक्तिको हर्कत सामान्य होस् वा जघन्य, कानूनबमोजिम कारबाई हुनैपर्छ भने निर्दोषलाई बाइज्जत बरी गर्नैपर्छ। यद्यपि प्रकरणसँग सम्बन्धित पात्रसँग स्थापित साइनोको आधारमा दबाब सृजना गर्ने विचार अर्थहीन हुन जान्छ। तथ्यहीन र भ्रमपूर्ण विचार भए तापनि ठूलो स्वरमा गर्जनाद गर्ने मनोविज्ञान छताछुल्ल छ। विरोधीले सामान्य हर्कत गर्दा पहाड खसेझैं लाग्ने मस्तिष्कमा आफ्नो मानिसको जघन्य हर्कत सामान्यझैं लाग्नु मानवीय मनोविज्ञानको खराब आचरण हो । हर्कतकर्तासँग कुनै प्रकारको स्वार्थ नबाझिएको व्यक्तिले मात्र उचित/अनुचित ठम्याउन सक्छ। यद्यपि वर्तमान अवस्थामा निस्स्वार्थ व्यक्ति खोज्नु ढुङ्गाको चिउरा चपाउनुभन्दा कठिन छ। समान दुई वा दुईभन्दा बढी प्रकरणमा एउटै व्यक्तिको भिन्न विचार दुःखदायी र हास्यास्पद मात्र होइन, न्यायको सिद्धान्तको विरुद्ध छ। साइनो अनुसार स्यालझैं हुँवा हुँवा गर्ने स्वार्थमा निहित मानवीय मनोविज्ञान भविष्यमा झन् भयावह हुने खतरा प्रबल छ । बाँकी कुरा भगवान्‌भरोसे छँदैछ ।

पुरुषको मात्र किन आउँछ दाऱ्हीजुँगा

मानिसको उमेर बढ्दै गएपछि कपाल वृद्धि हुने प्रक्रियालाई लैङ्गिक ग्रन्थीले नियन्त्रण गर्न थाल्छ। यो ग्रन्थीलाई एडरेनल ग्लान्ड भनिन्छ। एडरेनल ग्लान्डले केटाहरूमा र केटीहरूमा भिन्नभिन्नै प्रकारको रस (हर्मोन) पैदा गर्छ, जसलाई क्रमशः पुरुष हर्मोन (इन्ड्रोजिन) र महिला हर्मोन (ओइस्ट्रोजिन) भनिन्छ। एन्ड्रोजिनले दाऱ्ही–जुँगा र शरीरमा रौंको विकास गर्न मदत गर्छ तर तालुको रौं वृद्धिमा भने प्रतिकूल असर पार्छ । ओइस्ट्रोजिनले तालुको कपाल बढाउन मदत गर्छ तर दाऱ्ही–जुँगा र शरीरका रौं भने बढ्न दिंदैन । यसैले स्त्रीजातिमा दाऱ्ही–जुँगा आउँदैन, तर पुरुषहरूमा आउँछ ।

आनन्दको खोजी : मनको अन्तर्यात्रा

हरिकृष्ण बराल
(स्वामी राधामाधव)
मुर्ली बगैंचा, वीरगंज

हामीले के कुरा बुझ्नुपर्छ कि यदि हामी कुनै चीजलाई समग्रतामा अति आवश्यक मानेर गर्छौं भने मात्र उपलब्धि हुन सक्छ, नत्र त्यसको प्राप्ति कहिल्यै पनि हुँदैन। संसारका धेरैजना मानिसका हजारौं कामनामध्ये एउटा कामना परमात्मा प्राप्ति पनि हो। तर उनीहरूको यो कामना पूर्ति हुने सम्भावना अलिकति पनि छैन।

मानिसको मनमा हजारौं कामना छन्। एउटाले पूर्वतिर तानिरहेको छ भने अर्कोले पश्चिमतिर तानिरहेको छ। एउटा कामनाले उत्तरतिर तानिरहेको छ भने अर्कोले दक्षिणतिर तानिरहेको छ। कामनाहरूले परस्पर विरोधी दिशातिर तानिरहेका छन्।

एउटा बिग्रेको गाडीलाई निकाल्न चारै दिशाबाट क्रेनले तानिरहेको छ भने त्यो गाडी त्यो खाडलबाट निस्कन सक्दैन बरु त्यो टुटफुट भएर चारैतिर छरिन सक्छ।

हाम्रा अनन्त कामनाहरूले हामीहरूलाई विभिन्न दिशामा र विभिन्न आयामतर्फ तानिरहेका हुन्छन र हाम्रो जीवन ऊर्जालाई नष्ट गरिरहेका छन्। यस प्रकारले न बाहिरको यात्रा हुन सक्छ, न भित्रको यात्रा हुन सक्छ। कुनै पनि दिशामा यात्रा हुन सक्दैन। झन् परमात्मा प्राप्तिको अन्तर्यात्रा त असम्भव छ।

सत्यको साधना अनवरत् हुनुपर्छ। श्वासप्रश्वासमा जसले गोविन्दको सुमिरन गर्न सक्छ, ऊ मात्र परमात्मालाई प्राप्त गर्ने अधिकारी हुन्छ। सत्यको आकाङ्क्षा अरू आकाङ्क्षाहरूको साथमा एउटा आकाङ्क्षा हुनुहुँदैन। जसले आंशिकरूपले उसलाई चाहन्छ भने उसले उसलाई चाहँदैन भनेर हामीले बुझ्नुपर्छ। उसलाई त पूरा मनले चाहनुपर्छ। जब मन अखण्डतामा उसको लागि तिर्खाउँछ, तब त्यो तिर्खा नै सत्यसम्म पुऱ्याउने पथ बन्न जान्छ।

हामीले के बुझ्नुपर्छ भने सत्यको लागि प्रज्वलित जुन तिर्खा हुन्छ, त्यो नै सत्यप्राप्तिको पथ हो। जब हाम्रो प्राण त्यो अनन्त तिर्खाले भरिन्छ, अनि हाम्रो मुटु त्यो अज्ञातलाई खोज्नको लागि धडकिन्छ, तबमात्र प्रार्थना प्रारम्भ हुन्छ। श्वास जब उसको लागि आउँदै जाँदै गर्छ, तब त्यो मौन अभीप्सामा नै परमात्मातर्फ पहिलो कदम उठ्छ। तिर्खाले भरिएको प्रेम नै उसलाई प्राप्त गर्ने पात्रता हो, अधिकार हो।

आफूले आफैंलाई खोज्ने काम सर्वाधिक कठिन काम हो र अर्को कोणबाट हेर्ने हो भने यो काम सर्वाधिक सरल काम पनि हो। यो कुरा सुन्दा हामीहरूलाई विचित्र पनि लाग्न सक्छ। यो काम सर्वाधिक कठिन यो कारणले छ कि हाम्रा सबै इन्द्रिय बहिर्मुखी छन्। हामीहरू आँखाको माध्यमले बाहिर हेर्छौं, कानको माध्यमले बाहिरका कुराहरू सुन्छौं, हातको माध्यमले बाहिरका कुराहरू स्पर्श गर्छौं, जिब्रोको माध्यमले बाहिरका कुराहरूको स्वाद लिन्छौं, नाकको माध्यमले बाहिरका सुगन्ध ग्रहण गर्छौं। हामीभित्र पनि केही छ भन्ने हामीलाई केही ख्याल आउँदैन। किनकि हामीभित्र कुनै इन्द्रिय नै छैन। यसैले हामीलाई आफूलाई खोज्न कठिन छ भनिएको हो।

हाम्रा सबै इन्द्रिय बाहिरतिर खुल्ने भएका कारणले हामी बहिर्मुखी हुन्छौं। हाम्रो चेतना बाहिरबाहिर दौडन्छ। यही कारणले हामीहरू संसारमा अन्तहीन लक्ष्यहरू बनाउने गर्छौं। यो पनि गर्नुछ, यो पनि प्राप्त गर्नुछ, भन्दाभन्दै हाम्रो सम्पूर्ण जीवन व्यस्त हुन्छ। यहाँ जाने, त्यहाँ जाने भन्दाभन्दै हामी यी इन्द्रियहरूको पछाडि लुकेर बसेको आफ्नो वास्तविक स्वरूप पनि छ भन्ने कुरो हामीलाई यादै हुँदैन।

बहिर्मुखताले अशान्ति र दु:ख ल्याउँछ। आजसम्म कुनै पनि मानिस संसारमा भागदौड गरेर शान्त र सुखी भएको छैन। बरु मानिस हैरान हुन्छ, व्यथित हुन्छ, आकुलव्याकुल हुन्छ, थकित हुन्छ, तैपनि केही प्राप्त गर्न नसकेर निराशाको खाडलमा पर्छ।

बाहिरको कामनाको पछिपछि दौड्दा दौड्दा थाकेपछि उसलाई आफूले केही भूल गरिरहेको छु भन्ने आभास हुन थाल्छ। उसलाई लाग्छ कि कहीं म क्षितिजलाई समात्न दौडिरहेको त छुइनँ? कलिकति पर जमीन र आकाश जोडिएको जस्तो देखिन्छ तर वास्तवमा यस्तो कुनै स्थान छैन, जहाँ आकाश र जमीन जोडिएको होस्।

मैले जति दौडे पनि यस्तो ठाउँ पाउन सक्दिनँ। यस्तो कुरा थाहा भएपछि व्यक्ति रोकिन्छ। उसको बहिर्गामी ऊर्जा अन्तर्मुखी हुन्छ। जीवन ऊर्जा स्वयंतर्फ फर्केपछि आत्मज्ञान घटित हुन्छ। कसैले यसलाई प्रभुमिलन भन्छ, कसैले यसलाई ईश्वर साक्षात्कार भन्छ, कसैले यसलाई आत्मरमणको अवस्था भन्छ, कसैले यसलाई ब्रह्मज्ञान भन्छ। जसले जे भने पनि कुरो भने एउटै हो। विभिन्न धर्ममा त्यो आनन्दमय स्थितिको नाम अलगअलग छन्। तर नाम पछाडि लुकेको भावार्थ भने एउटै छ। सार्थक कुरो पनि एउटै छ, हामीहरूले नाम र शब्दमा न अल्झिएर, त्यो परम सत्यको खोजीमा समग्ररूपले लाग्नुपर्छ।

तथाकथित ईश्वर एवं परलोकको जुन धारणा प्रचलित छ, त्यसप्रतिको जिज्ञासा कुनै अबुझ व्यक्तिको मनमा मात्र उठन सक्छ। शिक्षाको विकास सँगसँगै मानिसहरूको बौद्धिकताको स्तर माथि उठ्यो, मानिसहरू पहिलेभन्दा धेरै प्रज्ञापूर्ण र विवेकवान् भए। उनीहरूमा तार्किक सोचविचारको शक्ति पैदा भयो र उनीहरूमा तथाकथित ईश्वरप्रतिको रुचि खतम हुँदै गयो।

जुन किसिमले भगवान् वा ईश्वरका धारणाहरू विभिन्न धर्म तथा सम्प्रदायमा फैलिएका छन्, त्यो सुनेर वा पढेर बुद्धिमान् मानिस त्यहाँबाट पर हट्छ। विगत तीन हजार वर्षमा धेरै धर्मयुद्ध भए। अधिकांश धर्मयुद्ध धर्मको नाममा, शास्त्रको नाममा, सिद्धान्तको नाममा भए। यही कारणले गर्दा बुद्धिमान् मानिस धर्मको नाम सुन्नासाथ डराउँछ। उसको मनमा धर्मप्रति जिज्ञासा पनि उठ्दैन।

ओशोले ईश्वर वा परमात्माको अर्थ नै बदलिदिनुभयो। उहाँको अनुसार ईश्वर वा परमात्मा कुनै व्यक्ति होइन। ईश्वर हामीभित्रै छ। उसलाई खोज्न हामीले कहीं बाहिर जानुपर्दैन। ईश्वर सर्वव्यापी छ र हाम्रो सबैभन्दा नजीक छ। उसलाई हामी जान्न सक्छौं, तर त्यसको लागि उसको गुणको बारेमा जान्नु आवश्यक छ। ऊ सत्य हो, ऊ चैतन्य हो, ऊ आनन्द हो, ऊ शान्ति हो, ऊ प्रेम हो, ऊ मुक्ति हो र ऊ सत्यम् शिवम् सुन्दरम् हो।

आनन्द नचाहने व्यक्ति कोही हुँदैन। जीवनको परम सौन्दर्य नचाहने व्यक्ति कोही हुँदैन। धर्मको तथाकथित बकवास सुनेर ईश्वर पाउने चाहना मानिसलाई नहुन सक्छ, तर हामीभित्र आनन्द प्राप्त गर्ने, सुखी हुने, प्रेमपूर्ण जिन्दगी जिउने, सद्भावनामा जीवन बिताउने चाहना हामी सबैमा हुन्छ।

संसारका सबै मानिस शान्त हुन चाहन्छन्। आनन्दित हुन चाहन्छन्, सबैबाट प्रेम प्राप्त गर्न चाहन्छन्। ईश्वरको आडमा भएका धर्मयुद्धहरूको कारणले आजका सभ्य तथा सुशिक्षित मानिसहरू यसबाट पर हटेर अलग्गै बस्न चाहन्छन्। यही कारणले गर्दा २०औं शताब्दीमा विश्वका करीब आधा मानिसहरूले कम्युनिजम अपनाए। कम्युनिजम अपनाउनु भनेको घोर नास्तिक बन्नु हो। तर यसको मतलब वास्तविक भगवत्ताबाटै अरुचि उत्पन्न भयो भन्ने चाहिं होइन। वास्तविक भगवत्ता त सत्यम् शिवम् सुन्दरम्मा छ। सबै मानिस यस्तो शाश्वत सुखलाई प्राप्त गर्न चाहन्छन्। क्रमशः

स्नेक एन्ड इन्सेक्ट प्वायजनिङ अर्थात् सर्पदंश र कीट विषाक्तता-२

स्वास्थ्य चर्चा

डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

विषको असर र प्रभाव टोकेको जहरको मात्राको समानान्तर हुन्छ। गोमन र करैतले टोकेको ठाउँमा बिसबिसाहट र दुखाइ हुन्छ। विषको असर १५ मिनेटदेखि दुई घण्टामा चक्कर लाग्ने र कमजोरीबाट शुरू हुन्छ तथा मांसपेशीको कमजोरी, वाकवाकी र बान्ता पनि हुन सक्छ। नशा लागेको जस्तो महसूस हुन्छ। मांसपेशीको कमजोरी बिस्तारै पक्षघातमा परिवर्तित हुँदै जान्छ र खुट्टाको पक्षघातले मानिस हिंड्दाहिंड्दै लड्छ। फेरि उठेर हिंड्न चाहन्छ तर फेरि लड्छ। पक्षघातमाथि बढ्छ र शिरमा पुग्छ तथा घाँटी तल झुल्छ। माथिको परेला तल झर्छ, जसलाई आँखाको ड्रपिङ भनिन्छ। त्यसपछि पक्षघात ओठ, मुख र घाँटीमा पुग्छ। घाँटीको पक्षघातले रोगी बोल्न चाहन्छ तर बोल्न सक्दैन। गाढा ऱ्याल मुखमा जम्मा हुन्छ र बाहिर आउँछ, जसलाई रोगीले आफ्नो औंलाले हटाइरहेको देखिन्छ किनभने त्यस जहरमा मानिस अन्तिमसम्म चेतनामा हुन्छ। अझ बढी चेतनामा रहन सकोस् भने यस जहरमा मानिसलाई सुत्न दिनुहुँदैन। त्यसपछि फोक्सोको असरले सासको गति सुस्त हुँदै जान्छ र अन्तमा बन्द हुन्छ। मुटु भने त्यसपछि पनि चलिरहेको हुन्छ। यसै कारणले मानिसलाई भ्रान्ति हुन्छ कि रोगी मरेको छैन भनेर अन्धविश्वासले रोगीलाई बोकेर जहाँतहाँ घुमाइन्छ। मृत्युपछि मुखमा प्रशस्त फिज साँपले टोकेको जबरजस्त निसानी हो। करैतले टोकेकोमा मृत्यु पेटको तीव्र दुखाइ र छटपटीले पनि हुन्छ। भाइप्राइडले टोकेको खण्डमा मानिसमा केही मिनेटमा नै लक्षण देखिन थाल्छ र रोगीलाई बेहोशी र पूर्ण चेतना शून्यतामा पुऱ्याइदिन्छ। रिकभर भएपनि टोकेको ठाउँ सड्न थाल्छ र स्वयम् मृत्युको कारण बन्न सक्छ। त्यसमा मृत्यु सेप्टिसेमियाले पनि हुन्छ। गोमनले ०.२ ग्राम, भाइपरले ०.१५ ग्राम र करैतले ०.००२ ग्राम विषलाई एक टोकाइमा इन्जेक्ट गर्छ। जबकि १२ र १५ मिलीग्रामले मात्र मृत्यु गराउन सक्छ। मृत्यु भने गोमनले टोकेमा १५ मिनेटदेखि १२ घण्टा र भाइपरले टोकेमा एकदेखि चार घण्टामा हुन्छ। कहिलेकाहीं त केही मिनेटमा पनि मृत्यु हुन्छ। कहिलेकाहीं त साँपको डरले मात्र मृत्यु घटित हुन्छ र तब साँप विषरहित पनि हुन सक्छ। मुख र शिरमा टोकेको खण्डमा विषको असर चाँडै हुन्छ तथा हात र खुट्टामा टोकेको खण्डमा अलिक बेर लाग्छ।

यदि हातखुट्टामा टोकेको छ भने रोगीलाई सुताएर टोकेको ठाउँमाथि रबरले वा कपडाले बाँधेर रोगीलाई तुरुन्त अस्पतालमा पुऱ्याइदिनुपर्छ। यदि बाँधिएको छैन भने यो काम अस्पतालमा चिकित्सकले गर्छ। त्यसले विषलाई शरीरमा छिटो फैलिन दिंदैन। तर त्यो बन्धन आधा घण्टाभन्दा बढी राखिराख्नुहुँदैन। पटकपटक खोल्दै र बाँध्दै जानुपर्छ। यसले रक्तसञ्चार बाधित हुन पाउँदैन र त्यो अङ्ग लाटो हुँदैन। टोकेको घाउलाई सामान्य पानीले राम्ररी सफा गर्नुपर्छ। त्यसपछि त्यहाँ ठूलो रक्तनली वा हाड नकाटिने गरी एउटा ०.५ सेमीको चिरा लगाउनुपर्छ। त्यसपछि मुखले वा ब्रेस्ट पम्पले त्यस घाउमा रहेको रगत चुस्नुपर्छ तर मुखमा घाउ हुनुहुँदैन नत्र चुस्ने व्यक्तिलाई पनि विष लाग्छ। यो काम तबमात्र गरिन्छ, जब टोकेको एक घण्टा भएको छैन। कसैकसैले भन्छन् कि यसले केही सहयोग गर्दैन। मैले नारायणी अस्पतालमा यस्तो गरेको देखेको छैन। भनिन्छ कि साँप स्वयंलाई चुस्न लगाइयो भने मानिस निको हुन्छ र स्वयंको विष लागेर साँप मर्छ। तर यो केवल एक काल्पनिक कथा हो। विष त साँपको लागि पचाउने रस हो, जसले साँप मर्ने कुरा नै आउँदैन।

आजभोलि चुस्ने काम पनि गरिंदैन किनभने आजभोलि मारक एन्टिभेनम उपलब्ध छ। चुस्ने काम जब एन्टिभेनम उपलब्ध थिएन, तबको कुरा हो। भाइपरले टोकेको घाउलाई पोटाशियम परमैंग्नेटको घोलले धोइन्छ र कहिलेकाहीं हिपेरिनको इन्जेक्सन पनि दिनुपर्छ ताकि रगतको थक्का जम्न नसकोस्। अलिकति हिपेरिनलाई घाउमा पनि छरिदिनुपर्छ। गोमन र करैतले टोकेको घाउलाई पानी र कार्बोलिक साबुनले धोइन्छ। हाफ्किन इन्स्टिच्युटले पोलिभेलेन्ट एन्टिस्नेक भेनम र कसौलीमा एन्टिभेनिन बन्छ। पहिलोमा गोमन, करैत र भाइपर तीनवटैका एन्टिभेनम सुखाएर पाउडरको रूपमा एउटा भायलमा राखिएको हुन्छ। एन्टिभेनिनमा गोमन र रसेल भाइपरको मात्र एन्टिभेनम हुन्छ। पोलिभेलेन्ट एन्टिभेनमको २० एमएल नसामा बिस्तारैबिस्तारै दिइन्छ र हेरिन्छ कि रोगीको लक्षणमा सुधार भयो वा भएन। भएन भने दुई घण्टापछि यसलाई फेरि त्यति नै मात्रामा दोहोराइन्छ। कडा मामिलामा यसलाई प्रत्येक घण्टामा दिंदै गरिन्छ, जबसम्म सबै लक्षण समाप्त हुँदैनन्। हामीले एउटा मामिलालाई अस्पतालको शल्यक्रिया कक्षमा लगेर ठीक गरेका छौं किनभने रोगीको सास बन्द हुन लागेको थियो र ट्रेकियोस्टोमी गरेर आक्सिजन दिनुपरेको थियो। यदि स्वास्थ्य कार्यकर्ता प्रशिक्षित छैन भने ४० देखि ६० एमएल एन्टिभेनम छालामुनि दिए पनि हुन्छ तर त्यो नसामा दिए जस्तो प्रभावकारी हुँदैन। केही एमएल एन्टिभेनम घाउमा पनि दिनुपर्छ ताकि गैंग्रिन हुन नपाओस्। यदि पोलिभेलेन्ट उपलब्ध छैन भने त्यसरी नै एन्टिभेनिन प्रयोग गरिन्छ तर यसको मात्रा ४० एमएल हुन्छ। याद राख्नुस्, पहिले एन्टिभेनमको ०.५ एमएल छालामुनि दिएर सेन्सिटिभिटी टेस्ट गर्नु अनिवार्य हुन्छ। यसको अतिरिक्त एटिएस र एन्टिबायोटिक पनि दिनुपर्छ ताकि टेटनस र अन्य ब्याक्टेरियाको सङ्क्रमण नहोस्। दुखाइ कम गर्न एस्पिरिन सावधानीपूर्वक प्रयोग गरिन्छ। यसको अलावा स्टिरवायड र पक्षघात रोक्नको लागि एड्रिनलिन छालामुनि र कोलिन मासुमा दिने गरिन्छ। एलर्जी रोक्नको लागि एन्टिहिस्टामिनिक पनि दिनुपर्छ। रोगीको लक्षण कम भएपछि तातो चिया वा कफी दिइन्छ। अल्कोहल कदापि दिनुहुँदैन किनभने त्यसले विषको अवशोषणलाई बढाइदिन्छ।

शल्यपरीक्षणमा टोकेको निसान पाइन्छ। रगत धेरै पातलो हुन्छ तर भाइपरको विषमा भित्रै नसामा जमेको हुन्छ तथा छालामुनि पनि देखिन्छ। ब्रेनमा रगत बाहिर निस्केको हुन्छ र सबै भित्री अङ्ग सङ्कुचित भएका हुन्छन्। कहिलेकाहीं व्यापारिक जनावरलाई पनि सर्पविषले मारिन्छ। यस्तो जनावरको मासु खाइयो भने केही हुँदैन तर उसको रगत अलिकति पनि इन्जेक्ट गरियो भने मानिस मर्छ। अब आउनुस् इन्सेक्ट प्वायजनिङमा।

पाठकवृन्द, सर्पदंशको लगत्तै केही विषालु कीटको विवेचना किन ठीक ठान्छु भने कहिलेकाहीं तिनको टोकाइले मानिस मृत्युको नजीक र टोकाइ यदि व्यापक छ भने मृत्युसमेत हुन्छ। हामीले सुनेको हुनुपर्छ कि जङ्गलमा माहुरीको झुन्डले टोकेर मानिसको मृत्यु भयो। एउटाले टोके मात्र त सामान्य प्रभावबाहेक अरू केही हुँदैन र स्थानीय उपचारले ठीक हुन्छ। तर झुन्डका झुन्ड माहुरीले टोके भने अस्पताल पुऱ्याइ उपचार गर्नैपर्छ, अन्यथा लेनाको देना पर्छ। यस्तो कीटमा बारुलो, माहुरी, अरिङ्गाल, बिच्छु र कनसुत्लो मुख्य हुन्। बारुलो पहेंलो हुन्छ र फुसको घरको छानामुनि, अम्बाको रूख वा अन्य रूखमा छाता बनाएर बस्छ। अम्बा टिप्न जानेलाई यसले टोक्छ। जिस्काइयो भने सबैले एकसाथ आक्रमण गर्छन्। यसको पुच्छरमा डङ्क हुन्छ, जसमा फर्मिक एसिड र अन्य विष हुन्छन्। बारुलोले टोकेपछि आफ्नो सुई जस्तो डङ्गलाई छालामुनि छोडिदिन्छ, जसलाई उपचारको क्रममा निकाल्नै पर्छ। अरिङ्गाल, बारुलोभन्दा ठूलो र कालो हुन्छ, जसलाई भोजपुरीमा हड्डा भनिन्छ, जो अक्सर मिठाइपसलमा उडिरहेका हुन्छन्। जिस्काइयो भने बारुलो जस्तै डङ्क छोड्छ र यसको विष बारुलोभन्दा बढी हुन्छ। अधिक विष हेमोलाइटिक र न्युरोटाक्सिक हुन्छ। माहुरी विषयुक्त र विषरहित दुवै प्रकारका हुन्छन् अथवा आक्रामक र कम आक्रामक दुवै हुन्छन्। देहातमा विषयुक्त माहुरीलाई तरेया र विषहीनलाई गइठई भनिन्छ। गइठईबाट केटाकेटी पनि डराउँदैनन तर तरेयासँग सबै डराउँछन्। मह र मोम पनि गइठईको मन पराइँदैन तर तरेयाको अब्बल हुन्छ। गाउँघरमा माहुरीले छप्पर र सिलिङमा आफ्नो घर बनाउँछ। जङ्गली माहुरी जङ्गली जनावर जस्तै बढी आक्रामक हुन्छ। मह उद्योगमा पालिएको माहुरी थरीथरीका हुन्छन्। जिस्काइएन भने माहुरीले केही गर्दैन तर जिस्काइयो भने झुन्डका झुन्ड तपाईंमाथि आइलाग्छन्। अक्सर माहुरी झुन्ड बनाएर एक ठाउँबाट अर्को ठाउँमा सर्छन्। कहिलेकाहीं मानिस त्यस झुन्डमा फस्छ। यदि शिर निहुराएर बसियो भने तपाईंको शरीरभरि बस्छन् तर केही गर्दैनन्। अचल स्थिर बसिएन भने आपत् पर्छ। माहुरीको विषमा हिस्टामिन, मेलिटिन, हाइल्युराइनाइडेज, फस्फोलाइपेज आदि विष हुन्छन्। सिङ्गल स्टिङमा दुखाइ, जलन र त्यो भाग मात्र सुन्निएर आउँछ। तर धेरै स्टिङले एनाफाइलेक्टिक साक (झट्का) जस्तो प्रतिक्रिया दिन्छ, जुन चक्कर, छाती कस्सिएको महसूस हुने, अर्टिकेरिया अर्थात् छालामा रातो चक्टा देखिन्छ, जुन एलर्जीको कारणले हुन्छ। धड्कन, बेहोशी, अनुहार रङ्गिएको, छाला चीसो हुने, थाहै नपाई दिसापिसाब हुने र कहिलेकाहीं पिसाबमा रगत देखिने र न्युराइटिस हुन्छ। झट्काले मृत्युसमेत हुन सक्छ। उपचारमा स्टिङलाई निकाल्न आवश्यक हुन्छ। एलर्जी रोक्नको लागि ०.५ एमएल एड्रिनेलिन छालामुनि दिइन्छ। बिच्छुले टोकेमा न्युरोटाक्सिन, हेमोलाइसिन, एग्लुटिनिन, हेमोह्रेजिन, फस्फोलाइपेज ए, ल्युकोसाइटोलाइसिन, कोगुलिन, फर्मेन्ट, लेसिथिन, कोलेस्टिनिन आदि थुप्रै विष हुन्छन्। लक्षणको रूपमा टोकेको ठाउँमा एउटा रातो घाउ हुन्छ, जहाँबाट जलनयुक्त घनघोर दुखाइ भएर चारैतिर फैलिन्छ र मूर्छा, मांसपेशीमा कमजोरी, पातलो दिसा, कन्भल्सन, मानसिक गडबडी र कहिलेकाहीं मुटुसमेत बन्द भएको देखिएको छ। टोकेको ठाउँमा सडन, फोक्सो सुन्निने र कहिलेकाहीं पक्षघात पनि देखिन्छ। मृत्यु हुनेहरूमा धेरै पसिना आउने र फोक्सो सुन्निएको देखिन्छ। सर्पले टोकेको जस्तै बिच्छुले टोकेमा पनि टोकाइ भएको माथिल्लो भागलाई कपडाले बाँधिन्छ। चिरा लगाइ पोटाशियम परमैंग्नेटको घोलले घाउलाई राम्ररी सफा गरिन्छ र त्यसमा कोकेन दलिन्छ। प्रोकेन इपिनेफ्रिनले पनि यो काम गरिन्छ। साक छ भने स्लाइनमा हाइड्रोकोर्टिसोन दिनुपर्छ। यदि स्कोर्पियन भेनम उपलब्ध छ भने अवश्य दिनुपर्छ। १० प्रतिशत डिडिटी छर्कनाले बिच्छु मर्छ। कनसुत्लो दुईदेखि १० सेमीको हुन्छ। यसले डङ्कले होइन मुखले टोक्ने गर्छ, जहाँ धेरै दुखाइको साथ छाला रातो भएर जान्छ। कुनै घाउमा जसरी यहाँ पनि लिम्फनोड बढ्छ। उपचार लक्षणको अनुसार हुन्छ। अस्तु।

साइकल चलाउँदा ध्यान दिनुहोस्

१. सवारीसाधनको अवस्थाको बारेमा पूर्वजानकारी राखौं।
२. साइकलको बस्ने सिटको उचाइ आफूलाई अनुकूल हुनेगरी मिलाऔं।
३. सीधा र एकै गतिमा साइकल चलाउनुहोस्।
४. एउटा साइकलमा एकजना मात्र बसेर चलाउनुहोस्।
५. सडकको बायाँ किनारा च्यापी साइकल चलाउनुहोस्।
६. ट्राफिक नियमको पालना गर्नुहोस्।
७. साइकल दायाँ वा बायाँ जाँदा हातले इशारा दिनुहोस्।
८. रातिको समयमा साइकल चलाउँदा चम्किलो लुगा लगाउनुहोस्।
९. साइकलको अगाडि-पछाडि बत्ती तथा रिफ्लेक्टर राख्नुहोस्।
१०. साइकल चलाउँदा हेल्मेटको प्रयोग गर्नुहोस्।
११. साइकल चलाउन सजिलो हुने लुगा लगाउनुहोस्।
१२. सधैं ह्यान्डिल समातेर साइकल चलाउनुहोस्।

वनस्थली

- हरिकृष्ण बराल

कतै छ रूखको घारी कतै फाँट फराकिलो।
कतै छ घामको राप कतै सिम छ ओसिलो॥
अनेक वनजन्तुले भरिएको थरीथरी।
रूप लावन्यले पूर्ण वनस्थली छ सुन्दरी॥
मयुरहरू नाँचे पङ्ख राम्रा फिंजारी।
वन उपवन छुल्छन् हेर्दै खूब नियारी॥
वरिपरि वनपाखा डुल्छन् वारिपारि।
मृगहरू पनि चर्दै हिंड्छन् घारीघारी॥

– वीरगंज-१२, मुर्लीबगैंचा

अन्तर्राष्ट्रिय समाचार

कारखानामा विस्फोट, मृत्यु हुने व्यक्तिको सङ्ख्या ११ पुग्यो

नयाँ दिल्ली, ११ जेठ/सिन्ह्वा

भारतको दक्षिण–पश्चिमी राज्य महाराष्ट्रको रासायनिक कारखानामा भएको विस्फोटमा परी ज्यान गुमाउनेको सङ्ख्या ११ पुगेको शुक्रवार स्थानीय अग्निनियन्त्रण विभागका अधिकारीले पुष्टि गरेका छन् ।

बिहीवार भएको विस्फोटका कारण मृत्यु भएका थप चारजनालाई शुक्रवार घटनास्थलबाट बाहिर ल्याइएको र यससँगै विस्फोटमा परी मृत्यु हुनेको सङ्ख्या ११ पुगेको अग्निनियन्त्रण विभागका अधिकारीले उल्लेख गरेका छन् ।

अधिकारीका अनुसार उक्त घटनामा परी घाइते हुने व्यक्तिको सङ्ख्या ६० भन्दा बढी पुगेको छ ।

मुम्बईको नजीकै रहेको ठाणे जिल्लाको डोम्बिवली क्षेत्रमा अवस्थित रासायनिक कारखानामा रहेको एउटा वाष्फ इन्जिन ठूलो आवाजसहित विस्फोट भएको थियो ।

विस्फोटपछि कारखानाका अन्य भागमा आगो तुरुन्तै फैलिंदा अन्य विस्फोटहरू भएका थिए । विष्फोटको आवाज १.५ किलोमिटर टाढासम्म सुनिएको बताइएको छ ।

घटनाका घाइतेहरूलाई स्थानीय अस्पतालमा भर्ना गरिएको छ भने तीमध्ये केहीलाई प्राथमिक उपचारपछि घर पठाइएको छ । रासस

कारखानामा लागेको आगो निभाउँदै अग्निशमन कर्मचारी । तस्वीरः पिटिआई

प्यालेस्टिनी प्राधिकरण वित्तीय सङ्कटको जोखिममा छ –विश्व बैंक

वाशिङ्टन, ११ जेठ/एएफपी

प्यालेस्टिनी प्राधिकरणले वित्तीय पतनको सम्भावनाको सामना गरिरहेको विश्व बैंकले जनाएको छ । गाजा युद्धको पृष्ठभूमिमा राजस्व स्रोतहरूको अभाव हुनुका साथै आर्थिक गतिविधिहरू खस्किरहेकाले यस्तो भएको बैंकले जनाएको छ ।

प्यालेस्टिनी प्राधिकरणको वित्तीय अवस्था विगत तीन महीनामा नाटकीयरूपमा बिग्रिएकाले वित्तीय पतनको जोखिमलाई बढाएको बैंकले शुक्रवार जारी गरेको विज्ञप्तिमार्फत जानकारी गराएको हो ।

बैंकका अनुसार प्यालेस्टिनी प्राधिकरणलाई तिर्नुपर्ने निकासी राजस्व हस्तान्तरणमा कमी र आर्थिक गतिविधिमा ठूलो गिरावटका कारण राजस्व स्रोतहरूमा अत्यधिक कमी आएको हो ।

सन् २०२३ को अन्त्यमा ६८ करोड २० लाख अमेरिकी डलर रहेको कोष अन्तर आगामी महीनाहरूमा दोब्बर भई प्यालेस्टिनी प्राधिकरणको घाटा १.२ अर्ब डलर पुग्ने अनुमान गरिएको छ ।

प्यालेस्टिनी अर्थतन्त्र ६.५ देखि ९.६ प्रतिशतको बीचमा सङ्कुचित हुने अनुमान गरिएकोमा बैंकका दृष्टिकोणसमेत युद्ध लम्बिंदै जाँदा अनिश्चित बनेका छन् ।

बढ्दो विदेशी सहायता र सार्वजनिक कर्मचारी र आपूर्तिकर्ताको थप बक्यौता जम्मा गर्नु प्यालेस्टिनी प्राधिकरणका लागि उपलब्ध वित्तीय विकल्पहरू मात्र भएको बैंकले जनाएको छ ।

दक्षिण इजरायलमा अक्टोबर ७ मा भएको प्यालेस्टिनी इस्लामिक समूह हमासको आक्रमणपछि गाजामा युद्ध शुरू भएको थियो । इजरायली अधिकारीहरूले उपलब्ध गराएको तथ्याङ्क अनुसार गाजामा हमासको आक्रमणमा परी एक हजार १७० भन्दा बढी मानिसहरूको मृत्यु भएको थियो ।

आक्रमणपछि हमासले २५२ जनालाई बन्धक बनाएको थियो, जसमध्ये १२४ जना गाजामा रहेका र तीमध्ये पनि ३७ जनाको मृत्यु भएको इजरायली सेनाले जनाएको छ ।

यसैगरी, हमासको नियन्त्रणमा रहेको गाजास्थित स्वास्थ्य मन्त्रालयका अनुसार इजरायलको जवाफी आक्रमणले गाजामा कम्तीमा ३५ हजार ८०० मानिस मारिएकामा अधिकांश महिला र बालबालिका छन् ।

हमास र इजरायलबीचको लडाइँका कारण पछिल्लो समय इजरायलले सन् १९६७ देखि कब्जा गरेको वेस्ट बैंकमा पनि हिंसा बढेको छ । वेस्ट बैंकमा प्यालेस्टिनी प्राधिकरणको सीमितरूपमा प्रशासनिक उपस्थिति रहेको छ ।

प्यालेस्टिनी अधिकारीहरूका अनुसार अक्टोबर ७ देखि कम्तीमा ५१८ जना प्यालेस्टिनी इजरायली सेना वा वेस्ट बैंक क्षेत्रमा बसोबास गर्ने इजरायलीद्वारा मारिएका छन् ।

उक्त अवधिमा प्यालेस्टिनी समूहले गरेका आक्रमणमा वेस्ट बैंकमा कम्तीमा १२ जना इजरायलीको ज्यान गएको छ ।

बैंकका अनुसार सन् २०२३ अक्टोबरदेखि युद्धका कारण प्यालेस्टिनी अर्थतन्त्रमा आएको मन्दीपछि करीब पाँच लाख व्यक्तिले रोजगार गुमाएका छन् ।

यो अवधिमा गाजा क्षेत्र र वेस्ट बैंकमा बसोबास गर्ने क्रमशः दुई लाख र डेढ लाख मानिसले रोजगार गुमाएको अनुमान गरिएको छ । यसका कारण गरीबी बढेकाले हाल लगभग हरेक गाजावासी गरीबीमा बाँचिरहेको बैंकले उल्लेख गरेको छ । रासस

कन्सर्ट हलमा भएको आक्रमणमा आइएसको संलग्नता

मस्को, ११ जेठ/एएफपी

रूसले मार्चमा भएको मस्को कन्सर्ट हल आक्रमणमा इस्लामिक स्टेट (आइएस)को समन्वय रहेको पहिलोपटक बताएको छ । यो आक्रमण रूसमा दुई दशकमा भएको सबैभन्दा घातक आतङ्ककारी आक्रमण हो ।

“अनुसन्धानको क्रममा आतङ्कवादीहरूले आक्रमणको तयारी, वित्तीय सहयोग र आक्रमणमा अफगानिस्तान र पाकिस्तानमा सक्रिय आइएस शाखा खोरासान प्रान्त (आइएस–के)का सदस्यहरूले इन्टरनेटमार्फत समन्वय गरेको पुष्टि भएको रूसी सङ्घीय सुरक्षा सेवा (एफएसबी)का प्रमुख अलेक्जान्डर बोर्तनिकोभको भनाइलाई उद्धृत गरी आरआइए नोभोस्ती समाचार एजेन्सीले जानकारी गराएको छ ।

मार्च २२ मा भएको उक्त आक्रमणमा १४० भन्दा बढी मानिस मारिएका थिए । यसअघि मस्कोले बारम्बार युक्रेन र पश्चिमलाई आक्रमणमा जिम्मेवार रहेको आरोप लगाउँदै आएको थियो ।

बोर्तनिकोभले शुक्रवार आक्रमणमा युक्रेनी संलग्नतालाई समावेश गर्दै भने, “आक्रमणपछि आतङ्ककारीहरूलाई युक्रेनी सीमातिर जान स्पष्ट निर्देशनहरू प्राप्त भएको र त्यहाँबाट उनीहरूलाई भगाउने व्यवस्था गरिएको थियो ।”

युक्रेनले रूसको उक्त दाबीको बारम्बार खण्डन गर्दै आएको छ ।

आक्रमणकारीहरूले भवनमा आगो लगाउनुअघि मस्कोको बाहिरी भागमा रहेको क्रोकस सिटी हल स्थलमा आक्रमण गरेका थिए । घटनासँग सम्बन्धित रहेको आशङ्कामा चार संदिग्ध आक्रमणकारीसहित एक दर्जनभन्दा बढी व्यक्तिलाई पक्राउ गरिएको छ । उनीहरू सबै अफगानिस्तानको उत्तरी सीमामा रहेको पूर्व सोभियत सङ्घबाट भिन्न भएको ताजकिस्तानका नागरिक हुन् ।

अमेरिकाले मार्चको शुरूमा रूसलाई सार्वजनिकरूपमा नै चरमपन्थीहरूले मस्कोमा ठूलो आक्रमण गर्ने योजना बनाइरहेको जानकारी घटनापूर्व नै दिएको थियो । अज्ञात अमेरिकी गुप्तचर अधिकारीहरूले घटनापश्चात् अमेरिकी सञ्चारमाध्यममार्फत उनीहरूले मस्कोलाई आइएसले विशेषगरी क्रोकस सिटी हलमा आक्रमण गर्ने योजना बनाएको अग्रिम जानकारी गराएको बताएका थिए ।

रूसले ती चेतावनीहरूलाई नजरअन्दाज गऱ्यो । आक्रमणको तीन दिन अघि राष्ट्रपति भ्लादिमिर पुटिनले वाशिङ्टनलाई ‘ब्ल्याकमेल’ गरेको र रूसीहरूलाई ‘तर्साउने’ प्रयास गरेको आरोप लगाएका थिए । रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फलेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

निर्वाचनको लागि घर फर्कंदै भारतीय नागरिकः छिमेकी मुलुक भारतको बिहार राज्यमा भोलि शनिवार हुने लोकसभा निर्वाचनमा मतदान गर्नका लागि आफ्नो मुलुक फर्कंदै भारतीय नागरिक । निर्वाचनका कारण वीरगंज भन्सार कार्यालयसहितका पर्सा जिल्लाका सीमानाका बिहीवारदेखि बन्द भएपनि भारतीय नागरिक हिंडेरै सीमापार गरिरहेका देखिन्छन् । तस्बिरः हिमाल लम्साल/रासस

विद्युत् प्राधिकरण वितरण केन्द्र वीरगंजको बक्यौता साढे तीन अर्ब

वीरगंज, ११ जेठ/रासस

नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र वीरगंजको चालू आर्थिक वर्षको वैशाख मसान्तसम्म ट्रङ्कलाइन तथा डेडिकेटेडलाइन जोडेका उद्योगीसहितका अन्य सबै प्रकारका ग्राहकको बक्यौता रकम तीन अर्ब ४३ करोड २२ लाख २३ हजार ४६१ पुगेको छ ।

गत आवभन्दा चालू आवको १० महीनामा बक्यौता रकम रु २७ करोड ८१ लाख ९७ हजार चार सयले बढेको छ । यो बक्यौता रकम ट्रङ्कलाइन तथा डेडिकेटेडलाइन जोडेका पाँच उद्योगसहित अन्य औद्योगिक, घरायसी ग्राहक र सडकबत्तीबापतको हो ।

केन्द्रका अनुसार चालू आवको वैशाख मसान्तसम्म औद्योगिक ग्राहकको बक्यौता रकम रु दुई अर्ब २७ करोड १० लाख २२ हजार १९४ रहेको छ । त्यसैगरी, सडकबत्तीको बक्यौता रकम रु २१ करोड २८ लाख ३५ हजार ५०६ रहेको छ । त्यस्तै, घरायसी ग्राहकको बक्यौता रकम पनि रु ५३ करोड ४५ लाख ६७ हजार १८७ छ ।

केन्द्रको गत आवको असार मसान्तसम्म बक्यौता रकम रु तीन अर्ब १५ करोड ४० लाख २६ हजार ४५७ पुगेको थियो । प्राधिकरण वितरण केन्द्र वीरगंजका प्रमुख अवधेशकुमार दुबेले चालू आवको वैशाख मसान्तसम्म विद्युत् महसूल भुक्तानी नगर्ने तीन हजार ३९६ ग्राहकको लाइन काटेर बक्यौता रकम उठाउँदै आएको बताए ।

“वीरगंज वितरण केन्द्र मातहत पाँचवटा ट्रङ्कलाइन तथा डेडिकेटेडलाइनबाट बिजुली लिएका उद्योगहरूले गर्दा बक्यौता रकम उच्च देखिएको हो”–उनले भने–“यो वर्ष हामीले कम्तीमा चार हजार घरको लाइन काटेर बक्यौता उठाउने कोशिश गरिरहेका छौं ।” केन्द्रले बक्यौता मासिक नतिर्ने तीन सयभन्दा धेरै ग्राहकको घरको बिजुली काट्दै आइरहेको छ ।

कार्यालय प्रमुख दुबेका अनुसार मासिक विद्युत् महसूल तिर्नुपर्छ भन्ने चेतना अभावका कारण पनि महसूल तिर्न आनाकानी गर्दै आइरहेका छन् । “करीब ४० प्रतिशत ग्राहकले मात्रै नियमित र समयमा महसूल तिर्दै आइरहेका छन्”–उनले भने–“छिमेकीले बिजुलीको महसूल नतिरेर लाइन काटियो भन्ने हल्ला गाउँभरि फैलिएपछि मात्रै महसूल तिर्न आउने पनि भेटिन्छन् । त्यसैले पनि बक्यौता उठाउने कार्यलाई कडाइपूर्वक अघि बढाउँदै आएका छौं ।

गत आवको अन्त्यसम्म औद्योगिक ग्राहकको बक्यौता रकम रु दुई अर्ब तीन करोड ६२ लाख ११ हजार ७६९ रहेको थियो । सोही वर्ष सडकबत्तीबापत बक्यौता रु १८ करोड ६७ लाख ७८ हजार १० रहेको थियो । घरासयी ग्राहकको बक्यौता रकम रु ५३ करोड ७४ लाख ५३ हजार ७८८ थियो ।

मृत्युको प्रमुख ...

पुऱ्याउन सके बिरामीलाई बचाउन सकिन्छ । धेरैले मस्तिष्कघात भएमा घरमैं आराम गराएर राख्ने गर्छन् । नसा फुटेको अवस्थामा पनि शल्यक्रियाबाट उपचार गर्न सकिन्छ ।

मस्तिष्क रक्तस्रावका लक्षण र उपचार

मस्तिष्क रक्तस्राव एक आकस्मिक अवस्था हो । यो समस्या अचानक आउँछ र यसले क्षणभरमैं गम्भीर अवस्था ल्याउन सक्छ । टाउको दुख्नेक्रम नियमितरूपमा बढ्दैछ, निद्रा लाग्दैन, बिहान उठ्नेबित्तिकै बान्ता हुन्छ, आँखा हेर्न गाऱ्हो पर्छ भने मस्तिष्कघातका लक्षण हो । अचानक टाउको दुख्नु, बेहोश हुनु, बान्ता हुनु, शरीरको एक पाखा नचली पक्षघात हुनु आदि यसका लक्षणहरू हुन् । साथै क्षारेरोगको कम्पन हुनु, बोली नखोल्नु, आँखा, मुख टेडो हुनुजस्ता समस्याहरू पनि हुन सक्छन् । यस्ता लक्षणहरू देखिनासाथ तुरुन्त चिकित्सकलाई देखाउनुपर्छ ।

रक्तस्रावको अवस्था अनुसार बिरामीलाई औषधि खुवाउने वा शल्यक्रिया गर्ने भन्न सकिन्छ । रक्तस्रावको मात्रा ३० मिलीभन्दा कम छ भने औषधिसेवनबाट पनि ठीक हुन्छ । यदि रक्तस्राव धेरै ठूलो छ र यसको मात्रा ३० मिलीभन्दा धेरै छ र बिरामीको अवस्था पनि नाजुक अवस्थामा छ भने औषधि उपचारले मात्रै ठीक नभई शल्यक्रिया नै गर्नुपर्ने हुन्छ । शल्यक्रियाबाट जमेको रगत निकालिन्छ । अभ्यासमा सयमा ८० जना यसरी औषधिबाटै निको भएका छन् भने बाँकी २० जनालाई मात्रै शल्यक्रिया गर्नुपर्ने हुन्छ ।

नतीजा सन्तोषजनक छैन

नेपालमा स्नायुरोगको उपचारको अवस्था राम्रो छ । यहाँ जस्तोसुकै शल्यक्रिया पनि गर्न सम्भव छ । शल्यक्रिया मस्तिष्क रक्तस्रावको एक राम्रो उपचार विधि हो । सही समयमा उपचार गरेर यस रोग लागी गम्भीर अवस्थामा पुगेको बिरामीलाई बचाउन सकिन्छ । तर सही समयमा सही शल्यक्रिया नगर्ने हो भने बिरामीको ज्यान उच्च जोखिममा पर्न सक्छ । शल्यक्रिया हामी सबैको लागि एक आवश्यकता तथा बाध्यता हो, रहर होइन । रक्तस्रावको शल्यक्रिया भन्नाले शल्यक्रिया गरेर मस्तिष्कभित्र रहेको रगतको ढिक्कालाई निकालिन्छ । बिरामीको ज्यान बचाउन र शारीरिक क्षतिलाई कम गरी दुर्बल र अपाङ्ग हुनबाट बचाउन शल्यक्रिया गरिन्छ । शल्यक्रियाबाट त्रसित नभई समयमा सही उपचार गरी ज्यान बचाउनका लागि अनिवार्यरूपमा लिनुपर्छ ।

नेपालको उपचार अवस्थालाई विकसित देशहरूको तुलनामा नराम्रो भन्न मिल्दैन तर नतीजा भने सन्तोषजनक छैन । मस्तिष्क रक्तस्रावको समस्या हाम्रोजस्तो विकासोन्मुख मुलुकहरूमा मात्र नभएर अमेरिकाजस्ता विकसित देशमा पनि बढ्दै गएको छ । तर त्यहाँ रोगको लक्षण देख्नासाथ चिकित्सकसँग परीक्षण गरी उनीहरूको सल्लाह अनुसार उपचार गराउँछन् भने हाम्रोजस्तो देशका नागरिकमा रोगलाई महत्त्व नदिने वा त्यस अनुसार नसासम्बन्धी पालना गर्नुपर्ने अनुशासनतर्फ वास्ता नगर्ने प्रवृत्ति निकै छ ।

अधिकांश बिरामीको सफल उपचारपछि पनि सामान्य अवस्थामा आउन सकेका छैनन् । अस्पतालबाट डिस्चार्ज हुनेबित्तिकै उनीहरूलाई पुनर्स्थापना केन्द्रमा राखेर हेर्नुपर्ने हुन्छ । देशमा सरकारीस्तरमा यस्ता पुनर्स्थापना केन्द्रहरू छैनन्, निजी क्षेत्रबाट स्थापना भएका केन्द्रहरू आर्थिक हिसाबले महँगो मात्र होइन, कतिपयले व्यापारिक हिसाबले मात्र सञ्चालन गर्न खोज्दा स्तरीय पनि छैनन् । यस्ता बिरामीलाई घरमा लैजाँदा आवश्यक हेरविचार पुग्न सक्दैन । यसले गर्दा बिरामीको छ महीना पनि नपुग्दै मृत्यु हुने गर्छ । (वीर अस्पतालको स्नायुरोग विभाग प्रमुख र नर्भिक इन्टरनेशनल अस्पतालको न्युरो सर्जरी विभाग प्रमुख प्राडा झासँग गरिएको कुराकानीमा आधारित/रासस)

आजको राशिफल

मेष	राज्यभय
वृष	वादविवाद
मिथुन	यात्रालाभ
कर्कट	वादविवाद
सिंह	यात्रालाभ
कन्या	कडाश्रम
तुला	चोरभय
वृश्चिक	उदरपीडा
धनु	विजय
मकर	बेचैनी
कुम्भ	मनोरञ्जन
मीन	कर्मप्राप्ति

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

घरेलु वातावरणमा स्वच्छ, सफा खाना र बासको लागि सम्झनुहोला
UNISTAR BOY'S HOSTEL
Mahadevsthan Marga, Kathmandu, Nepal
Contact No.: 9842127371 / 9818043372

निजगढमा आयोजित २५६८औं बुद्ध जयन्तीको अवसरमा भगवान् बुद्धको उपदेशबारे जानकारी दिंदै गुरु लोपेन दोर्जे हेसे र शान्ति र्‍यालीमा सहभागीहरू । तस्वीरः जीतलाल श्रेष्ठ/प्रतीक

नेपालमा कोरोना भाइरसको नयाँ सबभेरियन्ट पुष्टि

काठमाडौं, ११ जेठ/रासस

नेपालमा कोरोना भाइरस ओमिक्रोन भेरियन्टको नयाँ सबभेरियन्ट भेटिएको छ । राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले कोरोना भाइरस सङ्क्रमित ४२ जनाको जिन सिक्वेन्सिङ गर्दा ‘केपी १’ ‘केपी २’ ‘केपी ३’ र ‘केपी ४’ पुष्टि भएको प्रयोगशालाका सूचना अधिकारी कृष्णप्रसाद जैसीले जानकारी दिए।

उनका अनुसार गत अप्रिल र मे महीनामा सातवटै प्रदेशबाट नमूना सङ्कलन गरी जिन सिक्वेन्सिङ गरिएको थियो । तीमध्ये १२ जनामा ‘केपी १’, १७ जनामा ‘केपी २’, एकजनामा ‘केपी ३’ र एकजनामा ‘केपी ४’ दखिएको उनले जानकारी दिए । “यो नयाँ भेरियन्ट होइन । ओमिक्रोन भेरियन्टकै सबभेरियन्ट हो । यसलाई नयाँ नाम मात्र दिइएको हो,” उनले भने ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीले ‘केपी’ प्रजातिको भेरियन्ट सङ्क्रामक नभएको बताए । “केपी प्रजातिको भेरियन्ट त्यति सङ्क्रामक छैन। यसको प्रभाव खासै छैन,” उनले भने। ४२ वटा परीक्षणमा प्रयोगशालामा ओमिक्रोन (जेएन १) सातजनामा, ओमिक्रोन (बीए २) दुईजनामा देखिएको छ ।

निजगढमा ...

परिरहेको बताए । उनले प्राकृतिक चिकित्सा पद्धति निकै गुणकारी हुने भएकोले सबैलाई यो पद्धति अपनाउन आग्रह गरे ।

कार्यक्रमकी अध्यक्ष डा पुनीता केशरीले कोभिड–१९ मा अन्य विकसित मुलुकहरूको तुलनामा नेपाल, भारतलगायतका आयुर्वेद चिकित्सा पद्धति अँगालेका मुलुकहरूमा मानिसहरूको मृत्यु कम भएको तथ्याङ्कले देखाएको बताइन्। उनले प्राकृतिक चिकित्सा पद्धतिलाई प्रत्येक घरमा प्रयोग गरिएको खण्डमा त्यसको प्रतिफल राम्रो देखिने बताइन् ।

कार्यक्रममा उपप्रमुख सोममाया थिङ, डा मुन्ना कुमारलगायतले आयुर्वेदिक चिकित्सा पद्धतिका बारेमा प्रकाश पारेका थिए । कार्यक्रम प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, कलैयाको आयोजनामा भएको थियो भने सहजीकरण अजय उप्रेतीले गरेका थिए।

२५६८औं ...

सदस्य मीना लामा, नगरप्रमुख सुरथ पुरी, उपप्रमुख सोममाया थिङ, निवर्तमान नगरप्रमुख सुरेश खनाल, वडाध्यक्ष, जनप्रतिनिधि, समाजसेवी, बुद्धिजीवी, विभिन्न सङ्घसंस्थाका प्रमुख, प्रतिनिधि, विद्यार्थी, खेलाडी, सञ्चारकर्मीहरूको सहभागिता थियो ।

आजको कार्यक्रम

सि.नं.	आयोजक	कार्यक्रम	स्थान	समय
जानकारी आएन				

लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको हकअधिकार सुनिश्चित गरौं

संविधानले लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकलाई सामाजिक न्यायको हक प्रदान गरेको छ ।

- लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायको,
- मानव अधिकार र मौलिक हकको रक्षा गरौं,
- सामाजिक मर्यादा र सुरक्षा सुनिश्चित गरौं,
- विकास निर्माण र सेवाप्रवाहमा सहभागिता सुनिश्चित गरौं,
- उनीहरूप्रति सकारात्मक दृष्टिकोणको विकास गरौं,
- लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकमैत्री वातावरण निर्माण गरौं,
- वैयक्तिक स्वतन्त्रता, आत्मसम्मान र न्यायको पक्षमा वकालत गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a memorable experience

Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj
Call - 51525252, 98028 19788, 98028 19787
Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,

रास्वपा पर्साको संयोजकमा हरि पन्त मनोनयन

तस्वीरः सौजन्य

प्रस, वीरगंज, ११ जेठ/

राष्ट्रिय स्वतन्त्र पार्टी, पर्साको संयोजकमा हरि पन्त मनोनयन भएका छन् ।

बिहीवार साँझ जनकपुरमा आयोजित कार्यक्रममा रास्वपा मधेस प्रदेशका महामन्त्री मनीष साहले पर्साको संयोजकमा पन्तलाई मनोनयन गरेका हुन्।

जिल्ला संयोजक हुन सम्बन्धित जिल्लाका सम्पूर्ण निर्वाचित क्षेत्रीय पदाधिकारी, प्रतिनिधि र गठित पालिका पदाधिकारीहरूको मतले प्रदेश सदस्यमा निर्वाचित भएर आउनुपर्ने प्रावधान अनुसार पन्तलाई मनोनयन गरिएको महामन्त्री साहले बताए । डेढ महीना अघि पार्टीको आन्तरिक निर्वाचनमा पन्त मधेस प्रदेश सदस्यमा पनि विजयी भएका थिए ।

पन्त होटल व्यवसायी महासङ्घ नेपालका केन्द्रीय सचिव, होटल तथा पर्यटन व्यवसायी सङ्घ पर्साका अध्यक्ष तथा वीरगंज उद्योग वाणिज्य सङ्घको कार्यकारिणी समितिमा सदस्यका साथै उद्योग वाणिज्य सङ्घकै होटल पर्यटन समितिमा उपसंयोजकसमेत छन् ।

श्रीराम चिनीमिल सञ्चालनका लागि सहमति

काठमाडौं, ११ जेठ/रासस

रौतहटको श्रीराम सुगर मिल्स लिमिटेड सञ्चालन गर्न सहमति जुटेको छ। सो उद्योग सञ्चालन गर्ने सम्बन्धमा बिहीवार गठित कार्यदलले उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीसमक्ष प्रतिवेदन पेश गरेको छ।

प्रतिनिधिसभा, महिला तथा सामाजिक मामिला समितिका सभापति एवं सांसद किरणकुमार साहको संयोजकत्वमा गठित कार्यदलले उद्योगीहरूलाई आर्थिक सङ्कट भएको र जग्गा उपयोग गरेर उद्योग चलाउने वातावरण बनाउनुपर्ने बताएबमोजिम उद्योगका नाममा रहेको करीब ७४ बिघा जग्गामध्ये मूल संरचनामा असर नपर्ने गरी र ऋण फरफारक एवं उपकरणहरूको मर्मतसम्भार गरी तत्काल सञ्चालन गर्ने शर्तसहित मूल सडकसँग जोडिएको केही जग्गा बेच्न दिने सहमति गरेको छ ।

भूमिसम्बन्धी ऐन २०२१, औद्योगिक व्यवसाय ऐन २०७६, लगानी सहजीकरणसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८१ तथा अन्य प्रचलित कानूनको प्रावधान अनुसार कम्पनीका नाममा रहेको जग्गालाई प्रयोग गरी उद्योग सञ्चालन गर्न उपयुक्त विधि पहिचान गरी आवश्यक कार्य कम्पनीले अगाडि बढाउने सहमति भएको सांसद साहले जानकारी दिए ।

सो उद्योग विगत चार वर्षदेखि सञ्चालन हुन नसकेको एवं लगानीकर्ताले थप लगानी गर्न तथा ऋण तिर्न नसकेको देखिएकाले रुग्ण उद्योगको पहिचानसम्बन्धी कार्य गर्ने कार्यदलमा सहमति भएको छ। उद्योगलाई औद्योगिक व्यवसाय ऐन, २०७६ तथा नियमावली अनुसारको प्रक्रिया गरी रुग्ण उद्योगको सुविधासहित रूपान्तरण गरी सञ्चालन गर्न अगाडि बढाउन उपयुक्त देखिने कार्यदलको ठहर छ । कार्यदलका संयोजक साहका अनुसार उद्योग सञ्चालन गर्दा उखु किसानलाई मिलसँग आबद्ध गराउन उखुको पर्याप्तता बढाउन र उखु किसानले बिक्री गर्ने तथा उद्योगले किन्ने चक्र मिलाउन उद्योगको कमान्ड क्षेत्र बनाइ गर्न सकिने कार्यदलको सुझाव छ। हाल उद्योगका औजार तथा जग्गा नेपाल बैंक लिमिटेडमा धितो रहेको र करीब रु ३१ करोड साँवा–ब्याजसहित ऋण रहेको एवं उक्त बैंकले लिलामी प्रक्रिया अगाडि बढाएको हुँदा सो प्रक्रिया सम्बन्धमा आवश्यक सहजीकरण हुनुपर्ने कार्यदलले सुझाव दिएको छ। प्रतिवेदन बुझ्दै मन्त्री भण्डारीले उद्योग सञ्चालन गर्न सहमति जुटेकामा खुशी व्यक्त गरे ।

तस्वीरः रासस

उनले भने, “तीनै पक्षबीच सहमति जुट्नु खुशीको कुरा हो, यसबारे अर्थमन्त्रीसँग छलफल गरेर सरकारका तर्फबाट गर्नुपर्ने पहलकदमी अगाडि बढाउँछु ।”

कार्यदलमा सभापति साहका साथै सांसद बिना साह, संविधानसभा सदस्य रामकुमार भट्टराई, उद्योगीद्वय हितेश गोल्छा र विशाल अग्रवाल, उखु उत्पादक किसान सङ्घका अध्यक्ष तथा स्थानीय सङ्घर्ष समितिका अध्यक्ष अशोकप्रसाद यादव र मन्त्रालयका सहसचिव विपिन आचार्य सदस्य रहेका थिए ।

विसं २०४९ मा स्थापित सो उद्योग २०७७ सालदेखि बन्द छ । झन्डै ७४ बिघा क्षेत्रफलमा रहेको सो उद्योगको नेपाल बैंक लिमिटेडले लिलामी सूचना निकालेर रानाकुमार अग्रवालले साकार गरेका छन् । जग्गाको लिलामी भने गरिएको छैन । स्थानीयको विरोधका कारण सो उद्योग अन्यत्र सार्न नसकिएपछि लामो समयदेखि विवाद हुँदै आएको छ ।

चक्कु प्रहारबाट एकजनाको मृत्यु

प्रमोद यादव, पंचगावाँ, ११ जेठ/

मादक पदार्थ सेवन गरेर मातिएका व्यक्तिले एकजनालाई चक्कु प्रहार गर्दा निजको मृत्यु भएको छ ।

सखुवाप्रसौनी गाउँपालिका वडा नं ४ ओझैया प्रसौनी बस्ने ५० वर्षीय ललाई हजरा दुसादलाई मादक पदार्थ सेवन गरी मातिएका उनका छिमेकी सुवास हजरा दुसादले चक्कु प्रहार गर्दा ललाईको मृत्यु भएको हो । शुक्रवार बेलुका ६ बजे भएको घटनामा गम्भीर घाइते भएका ललाईलाई उपचारको लागि नारायणी अस्पताल, वीरगंज लैजाँदै गर्दा बाटोमैं मृत्यु भएको प्रहरीले जनाएको छ ।

सो घटनापछि विवाद हुँदा इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक मोहनजङ्ग बुढाथापा नेतृत्वको प्रहरी टोलीले अवस्था सामान्य बनाइ चक्कु प्रहार गर्ने सुवासलाई पक्राउ गरी इप्रका, पटेर्वासुगौलीको हिरासतमा राखेको छ । घटनाबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ ।

जनप्रतिनिधि र अध्यक्षहरूलाई तीन दिने प्रशिक्षण

प्रस, वीरगंज, ११ जेठ/

नेकपा एमाले स्थानीय विकास विभाग तथा केन्द्रीय पार्टी स्कूल विभागको आयोजना र नेकपा एमाले मधेस प्रदेश कमिटीको व्यवस्थापनमा स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरू, पार्टीका जिल्ला अध्यक्ष तथा प्रदेश पदाधिकारीहरूलाई तीन दिने प्रशिक्षण कार्यक्रम बर्दिबासमा शुरू भएको छ ।

कार्यक्रमको उद्घाटन नेकपा एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले गर्दै विगतको सरकार देश र जनताप्रति उत्तरदायी नभएपछि एमालेसहितको नयाँ समीकरण बनाएर अघि बढ्नुपरेको बताए ।

तस्वीरः सौजन्य

उनले एमाले सामाजिक परिवर्तनको अभियान सफल बनाउन लागेको बताए। जनताको चाहना पूरा गर्दै आगामी दिनलाई मिसन ८४ मा केन्द्रित गरिने बताए ।

प्रशिक्षण कार्यक्रममा स्थानीय तहको बजेट जनमुखी कसरी बनाउने, प्रणालीगत कानूनी प्रबन्ध तथा स्थानीय तहमा न्यायिक अधिकार, स्थानीय विकासमा नयाँ सोच र नयाँ काम तथा स्थानीय तहको आर्थिक स्रोत परिचालन र व्यवस्थापनलगायतका विषयमा वरिष्ठ उपाध्यक्ष पोखरेल, देवेन्द्र दाहाल, तत्त्व तिमल्सिना, हर्कराज राई, रामशरण प्याकुरेलले प्रशिक्षण दिंदैछन् ।

मधेस प्रदेश कमिटीका अध्यक्ष चन्देश्वर मण्डलको अध्यक्षता र प्रदेश सचिव मनोज पौडेलको सहजीकरणमा भएको कार्यक्रममा स्थानीय विकास विभाग प्रमुख देवेन्द्र दाहाल, पोलिटब्युरो सदस्यहरू पुरुषोत्तम पौडेल, सुमनराज प्याकुरेल, रामदयाल मण्डल, केन्द्रीय सदस्यहरू रामऔतार यादव, कल्पना कटुवाललगायतको सहभागिता थियो । कार्यक्रममा उपसचिव आरती भण्डारीले स्वागत गरेकी थिइन् ।

फूलबारी निर्माणः वीरगंज महानगरको रामटोलस्थित माईस्थान विद्यापीठको कक्षा ६, ७, ८ का विद्यार्थीहरूले विद्यालय हातामा फूलबारी बनाएका छन् । शुक्रवार अतिरिक्त क्रियाकलाप अन्तर्गत सदनस्तरीय फूलबारी कार्यक्रमको प्रधानाध्यापक मुनिन्द्र कर्णले फूलबारी कार्यक्रमको उद्घाटन गरेका थिए । तस्वीरः नितेश कर्ण/प्रतीक